श्रोतः राजधानी दैनिक, २०७५/०४/१९

# हाइड्रो पावरको पुनःनिर्माणमा जुटे स्थानियबासी

*भबिन कार्की*

संखुवासभाका जिल्लाको चैनपुर नगरपालीका १ याङ्सीजुङमा बाढिले पुरेको हाइड्रो पावर पुनः निर्माणमा स्थानीय नागरिक जुटेका छन् । अबिरल बर्षा सँगै आएको बाढिले निदुवा खोला लघुजलविधुत्को आयोजनाको हाइड्रो पावरको विधुत् गृह बगाएको थियो ।

पहिरोले हाइड्रो पावरका महत्वपुर्ण उपकरणहरु समेत पुरेर कामै नलाग्ने गरी क्षति पु¥याएको स्थानीयवासीको भनाइ छ । अहिले उक्त हाइड्रो पावर पुन ः निमार्णमा दैनिक रुपमा १ सय जना उपभोक्ताहरु श्रमदान मार्फत लागेका छन् ।२०६७ सालमा विधुत् उत्पादन भएपछि कुनै पनि दिन लोडसेडिङको अनुभव नगरेका स्थानीय बाढीले विधुत् गृह बगाए पछि विधुत् विहिन बनेका छन् । बाढीले विधुत् गृह बगाउनका साथै एलसी वोर्ड, टर्वाईन, जनेरेटर पुरिएको अवस्थाबाट निकालिएका उपकरणहरु काम नलाग्ने अवस्थामा पुगेको े छ । हाल पुन निर्माणमा जुटे पनि पानी पर्ने क्रम नरोकीएकाले पुन क्षति पु¥याउन सक्ने उपभोत्ता लाक्पापमु शेर्पा बताउँछन् । पुनःनिर्माणका लागि विहान देखि बेलुका सम्म ठुलो संख्यामा स्थानीय लागि परेको शेर्पाले बताए । १४ किलोवाट विधुत् उत्पादन गदै आएको लघुजलविधुत् गत साउन ४ गते दिउँसो भारीवर्षा पछि आएको बाढीले क्षतिपु¥याएको थियो । वाढीले विधुत्गृह बगाएको र विधुत् उत्पादनका लागि पानी ल्याइने कुलो समेत बगाए पछि याङ्सीजुङ वासी अन्धकारमा बस्न बाध्य छन् । लघुजलविधुत् आयोजना बगाउँदा करिब ४५ लाख रुपैयाँको क्षति भएको उपभोत्ता साङ्गे शेर्पा बताउँन् । स्थानीयको लगानीमा मात्र पुनःनिर्माण सम्भव नहुने भएकोले अन्य निकाय संग सहयोगको अपेक्षा रहेको शेर्पाले बताए । स्थानियको सक्रियतामा पहिरोले पुरिएका टवाईन, जनेरेटर जस्ता केही उपकरणहरु वाहिर निकालिए पनि ति काम नलाग्ने अवस्थामा रहेको आयोजनाका पुर्व अध्यक्ष लक्ष्मीकुमार लिम्बुले बताए । तत्काल विधुत् सञ्चालनका लागि करिब १० लाख रुपैयाँ भए अस्थाईरुपमा विजुली प्रयोगमा ल्याउन सक्ने पुर्व अध्यक्ष लिम्बुको भनाई छ ।

तत्काल विधुत् सञ्चालका लागि कुलोबाट पानी ल्याउनका लागि काठको अस्थाई कुलो बनाएका छन् । साथै अस्थाई रुपमा विधुत् गृह निर्माण गरि आवश्यक उपकरण ऋणमा खरिद गरि पुनः निर्माणमा जुटेका हुन् । २०६७ सालमा तत्कालिन जिल्ला विकास समितिको सहयोग, सोही अन्त्रगतको उर्जा विकासको अनुदान र स्थानियको करिब ३० रुपैयाँको लगानिमा उक्त लघुजलविधुत् आयोजना संञ्चालनमा ल्याइएको थियो । अयोजनाले वेलुकी ५ बजे देखि विहान १० बजे सम्म दैनिक विधुत् वितरण गदै आएको थियो । उनिहरुले मासिक ७० रुपौयाँमा विधुत् उपभोग गदै आएको थिए । उनिहरु अस्थाईरुपमा समस्याको समधानका लागि उपभोत्ताहरु जुटेपनि त्यसका लागि चैनपुर नगरपालिका र सम्बन्धीत निकायको त्यसमा ध्यानजान जरुरी देखिन्छ । याङ्सीजुङ्मा केन्द्रिय लाईन पु¥याउन महङ्गो र भौगोलिक रुपमा जटिल भएकाले लधुजलविधुत्को महत्वपुर्ण भुमिका रहेको छ । सो क्षेत्रमा केन्द्रिय लाईन

वितरण गरिए पनि लामोदुरीमा रहेकाले विचबाटो पटकपटक अवरोधहरु आउने हुँदा प्रभावकारी नहुने स्थानियको भनाई छ । हाल सोही विधुत् उत्पादनलाई निरन्तरता दिन सम्वन्धीत निकायको ध्यान जान आवश्यक देखिन्छ । जलविधुत् आयोजना बाट १ सय २३ घर धुरी लावन्वित रहेका थिए ।

श्रोतः उर्जा खबर, २०७५/०४/२०

# ‘सरकारले पिकिङ आयोजना निर्माण गर्ने छुट्टै मोडालिटी बनाउनुपर्छ’

विद्युत उत्पादनका हकमा निजी क्षेत्र सरकारको बराबरीमा आइसक्यो । परिमाणमा हेर्दा विस्तारै सरकारलाई उछिन्ने अवस्था देखिँदैछ । सरकारले अब नदी प्रवाही (आरओआर) होइन अर्धजलाशय (पिकिङ) मा जाउ भनेको छ । नेपाल विद्युत प्राधिकरणले दर्जनौं आरओआर आयोजनाको टेक अर पे (लिउ या तिर) प्रावधानमा विद्युत खरिद सम्झौता (पिपिए) गरेको छैन । सरकार बोलेको काम गर्दैन, मात्र बोलिरहन्छ । निजी क्षेत्र गुनासो गरिरहन्छ । सरकार र निजी क्षेत्र एक–अर्कामा दोषी देखिन्छन् । पिकिङ आयोजना निर्माण गर्ने उतिकै जटिलता छ । जलविद्युत उत्पादनमा निजी क्षेत्रको भूमिका अपरिहार्य रहेको बताइरहँदा उसलाई सहजिकरण गरिदिने जिम्मेवारी सरकारकै हो । निजी क्षेत्रलाई बराबरीमा लैजाने वा बाहेक गर्ने भन्नेमा सरकार अन्योलमै छ । यिनै विषयमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान) का निवर्तमान अध्यक्ष खड्गबहादुर विष्टसँग ऊर्जा खबरका लक्ष्मण वियोगी ले गरेको कुराकानी :

देशमा स्थायी सरकार आयो । अब त जलविद्युत आयोजना निर्माणमा सहज भएको होला नि ? सरकारले १० हजार वा १५ हजार मेगावाट विद्युत उत्पादन गर्ने कुरा गरिरहँदा जलविद्युत उत्पादनमा चेतना बढेको छ । प्राधिकरण पनि नरमरूपमा अघि बढेको छ । उसले पिकिङ र जलाशय आयोजनाको विद्युत खरिद दर ल्यायो । ठूला क्षमताका प्रसारण लाइन निर्माण गर्ने उदघोष छ । चेतनास्तर बढेकाले प्राधिकरणले टेक अर पे प्रावधानमा पिपिए गर्छ भन्ने आशा हो । टेक एन्ड पे हटेको पनि भनेको छ । प्रणाली सुहाउँदो जाडो वा हिउँदमा बढी विद्युत चाहिने हुँदा यस्तै खालको नीति आयो । माग बढेअनुसार विद्युत किन्छु भन्ने आश्वासन छ । निजी क्षेत्र केही उत्साहित छ । शैलजा आचार्यको पालमा ल्याइएको पोस्टेड दर निकै कम थियो । त्यो दरमा १–२ मेगावाट वा साना आयोजना निर्माण गर्ने प्रवर्द्धक खारिए । अनुभवी भए । केही ठूला वा २० देखि ५० वा सय मेगावाटसम्मका आयोजना निर्माण गर्न अग्रसर भए । यो सकारात्मक पक्ष हो । अहिले स्थायी सरकार भनिएको छ । यद्यपि, एउटा सामान्य विषयले समाज पूरै एकातिर मोडिने अवस्था छ । त्यसैले स्थायित्वको अनुभूति छैन । सरकारको बजेट र नेपाल राष्ट्र बैंकले ल्याएको मौद्रिक नीतिले बैंक ब्याज केही कम हुन्छ भन्ने अपेक्षा थियो । तर, भएन । यसैले, जलविद्युत उत्पादनमा जोखिम भने घटेको छैन । टेक अर पे खुल्यो भने पनि धेरै आयोजना पिपिए गर्न कुरेका छन् । तिनको पिपिए हुनेमा कत्तिको विश्वस्त हुनुहुन्छ ? सही हो । सरकारले बोल्छ तर कार्यान्वयन हुँदैन । भइरहेको छैन । हामीले प्राधिकरणका कार्यकारी निर्देशक वा मन्त्री र सचिवलाई भेटेर आफ्ना धारणा राख्ने गरेका छौं । निजी क्षेत्रले भन्ने वा दबाब दिने ठाउँमा कमी राखेको छैन । हुँदैन वा गर्दैन भन्ने अविश्वास राखेर काम गर्न पनि गाह्रो छ । सरकारले १० वर्षमा १५ हजार मेगावाट विद्युत उत्पादनको घोषणा गर्दै ३०–३५ प्रतिशत आरओआर आयोजना निर्माण गर्ने भनेको छ । जसअनुसार यसको सीमा करिब सकियो । अझै सयौं आयोजना ‘टेक अर पे’ मा पिपिए गर्न कुरेका छन् । फेरि पनि निजी क्षेत्र त चेपुवामा पर्यो होइन ? लाइनमा भएकाको त जसरी पनि पिपिए गर्नैपर्छ । प्रवर्द्धकले धेरै लगानी खन्याइसकेका छन् । तर, भर्खर आरओआरको अनुमतिपत्र लिएकाहरू क्षमता बढाएर पिकिङमा जान सक्छन् । प्रणालीका लागि जानु पनि पर्छ । पिकिङमा जाँदा केही ठाउँमा प्रवर्द्धकले गुरुयोजना ‘फलो’ नगर्ने, माथि वा तलको आयोजनालाई पर्ने असरमा चासो नराख्ने भद्रगोल अवस्था छ । अनुमति दिने, वातावरण प्रभाव मूल्यांकन (इआइए) स्वीकृत गर्ने निकायले पनि उल्लेखित विषय मिलाएर पिकिङमा जान प्रेरित गर्नुपर्छ । सरकारले पिकिङ गर्नुस् वा क्षमता बढाउनुस् भन्छ । यसो गर्न न्यूनतम ३–४ महिना लाग्छ । अनुमतिपत्र लिएकै क्षेत्रभित्र जलाशयका लागि

बाँध निर्माण गर्ने ठाउँ नहुन सक्छ । केही तल वा माथि जानुपर्छ । यसो हुँदा तल्लो वा माथिल्लो क्षेत्रका आयोजनामा असर पर्न सक्छ । र, विवाद हुन्छ । सरकारले आयोजना अनुसार विवादित ठाउँका समस्या समाधान गरिदिनुपर्छ । र, अनुमतिपत्रको म्याद थपिदिनुपर्छ । अहिले प्राधिकरणले मागको 'पाइ चार्ट' हेरेर निश्चित सीमा पुग्ने हुँदा बाहिर जे बोले पनि भित्रीरूपमा टेक अर पे पिपिए हुन्न भनिरहेको छ । उता अर्को बर्खासम्म ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी आउँछ । र, बर्खामा विद्युत खेर जान्छ भनिन्छ । यसमा सत्यता पनि छ । प्राधिकरणले बर्खामा आफ्नो विद्युत खेर फालेर निजी क्षेत्रको किन्नुपर्ने बाध्यता छ । यसो हुँदा प्राधिकरण र निजी क्षेत्र मिलेरै सरकारलाई लबिङ गर्नुपर्छ । नत्र फेरि पनि प्राधिकरणले टेक अर पे पिपिए गर्दैन । आरओआर आयोजना निर्माण गर्न समस्या देखिने भयो । उसो भए निजी क्षेत्र आर्थिक र प्राविधिकरूपले पिकिङमा जान तयार छ ? सुरुमा आरओआरको अनुमतिपत्र लिएका र पछि पिकिङमा जानुपर्ने सर्तले निजी क्षेत्र अप्ठ्यारोमा छ । यो अप्ठ्यारो समन्वय गरिदिने कसले भन्ने हो । आयोजना वा प्रवर्द्धक एक्लैले सक्दैन । कुनै निजी प्रवर्द्धक पिकिङ आयोजना निर्माण गर्न तयार छ । तल वा माथि पर्ने आयोजनासँगको विवाद वा समस्या सरकारले समाधान गरिदिए परिस्थिति सहज हुन्छ । तर, अवस्था सजिलो छैन । विगतदेखि सरकारले निजी क्षेत्रलाई सहयोग कम र आश्वासन बढी दियो । उत्पन्न विवाद सरकारीस्तरबाट समाधान हुने संकेत देखिँदैन । अब निजी क्षेत्र पिकिङमा जान कसरी आकर्षिक हुने ? देशका धेरै नदी तथा खोलामा निजी क्षेत्रले अनुमतिपत्र लिएको छ । पिकिङमा जाँदा एक–अर्काका सीमा वा क्षेत्राधिकार तलमाथि पर्न सक्छन् । यसमा सरकार नै सहयोगी बन्नुपर्छ । देशको भूगोलअनुसार सबै ठाउँमा पिकिङका लागि बाँध निर्माण गर्न सकिँदैन । अनुमतिपत्र लिएको सीमाभन्दा केही बाहिर वा तल–माथि जानैपर्छ । यसो हुँदा अर्को आयोजनाको सीमा छुन्छ । अनि विवाद हुन्छ । विवाद समाधान गर्न सरकार अघि नसर्ने तर पिकिङमा जाउ भन्ने उता आरओआरको पिपिए पनि नगर्ने हो भने पक्कै समस्या हुन्छ । सानो उदाहरण लिऊँ : ८६ मेगावाटको सोलु–दूधकोसी र ८२ मेगावाटको तल्लो सोलुको बाँधको विषयमा विवाद भएको थियो । धेरै समयपछि मिल्यो । अनुमतिपत्र दिँदा नै सरकारले विवाद समाधान गर्ने जिम्मेवारी प्रवर्द्धकको टाउकोमा राखिदिएको छ । भनिएको हुन्छ– तल र माथिका आयोजनासँग सामाञ्जस्यता कायम गरी आयोजना बनाउने । विद्युत विकास विभागले दुई वा तीन आयोजनाका प्रवर्द्धकलाई सँगै राखेर विवाद समाधान गरिदिनुपर्छ । नत्र कुनै पनि प्रवर्द्धक पिकिङमा जान तयार हुँदैन । सरकारले कस्तो व्यवस्था गर्यो भने पिकिङ आयोजनामा आकर्षित होला ? गुरुयोजनामा पहिचान नभएका र डेस्क अध्ययनअनुसार 'फस्ट कम फस्ट बेसिस' मा अनुमतिपत्र लिएका आयोजना आरओआर हुन् । यिनलाई पिकिङ गर्नुपर्यो भन्ने हो भने सरकारले एउटा समन्वय बैठक राख्नुपर्छ । प्राधिकरणले पिकिङबाहेक पिपिए नगर्ने र सरकारले पनि यसतर्फ जान घोषणा गरिरहँदा हरेक नदी बेसिनमा समन्वय जरुरी छ । आरओआरबाट पिकिङमा जाँदा गर्नुपर्ने अध्ययन, डिजाइन गर्दा लाग्ने समय अनुमतिपत्रमा थपिदिनुपर्छ । र, माथि र तल पर्ने आयोजनामा उत्पन्न विवाद समाधानको जिम्मा सरकारले लिनुपर्छ । तपाईंहरू हिउँदमा ३० प्रतिशत ऊर्जा उत्पादन गर्ने गरी काम गनुस् समस्या सरकारले समाधान गर्छ भन्यो भने सहज हुन्छ । यत्ति गर्दा पनि प्रवर्द्धकको लागत थपिन्छ । ऊ कत्तिको तयार हुन्छ त्यो उसको कुरा भयो । कुनै नदी बेसिनमा सबैभन्दा माथिल्लो क्षेत्रमा पिकिङ गर्दा त्यसभन्दा तल सबै आयोजना त्योरूपमा निर्माण नहुन सक्छन् । सरकारले बेसिन अध्ययनको आधारमा हरेक आयोजनालाई निश्चित उचाईको बाँध सिफारिस गर्ने र त्यही अनुसार काम गर्ने मोडालिटी बनाउनुपर्छ । यसले धेरै आयोजना पिकिङमा जान सक्छन् । र, देशलाई पनि फाइदा हुन्छ । लाओसमा काम गरेका एक जापानी प्राध्यापकसँग मैले कुरा गर्ने क्रममा उनले भनेका थिए– नेपालका साना खोलामा बाँध बाँधी विद्युत निकाल्ने र टेलरेसबाट निस्केको पानी जम्मा गरी खानेपानी आपूर्ति गर्न सकिन्छ । देशका पहाडी क्षेत्रमा

खानेपानीको पनि ठूलै समस्या छ । के यो सम्भाव्य हुन्छ ? मैले पनि केही वर्ष लाओसमा काम गरेको हुँ । त्यहाँका अधिकांश नदी तथा खोला मेकोङमा मिसिन्छन् । नेपाल र त्यहाँको भूगोल फरक छ । लाओसमा ६०–७० देखि २ सय मिटरभन्दा उचाईको बाँध भेटिँदैन । हाम्रोमा ६ सय मिटरसम्म उचाईका खोला छन् । तिनलाई रोक्न बाँध निर्माण गर्न अधिक खर्च हुन्छ । हुनै नसक्ने भन्ने त नहोला तर नेपाल र अन्य देशको भूगोल फरक हुने हुँदा सम्भावना कम हुन्छ । दक्षिण पूर्वी एसियामा पर्ने 'ग्रेट हिमालय रेन्ज' का नेपाल, भारतको अरुणाञ्चल, भुटानलभन्दा अरू देशको भूगोल फरक छ । यसो हुँदा लाओस वा अन्य देशसँग नेपालको तुलना गर्न नसकिएला । पछिल्लो समय जलविद्युत आयोजनाको लागत बढिरहेको छ । के कारणले यसमा असर पर्छ ? हामीले चीन र भारतमा निर्माण हुने आयोजनाको लागतसँग तुलना गर्ने हो । चीनमा सिमेन्ट प्रतिबोरा २ सय ५० रुपैयाँ छ भने नेपालमा हजार । सिमेन्ट र डन्डी चीन तथा भारतसँग तुलना गर्दा दोब्बर महँगो छ । सिमेन्ट, डन्डीमात्र नभएर आयोजनाका अन्य उपकरण भारतबाटै आयात गर्ने हो । यही कारण भारतको तुलनामा नेपालमा दुई गुणा र चीनभन्दा तीन गुणा आयोजना महँगो हुन्छ । २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्प गएपछि हरेक चिजको मूल्य आकाशियो । कामदार (लेबर) मा शतप्रतिशत ज्याला बढेको छ । निर्माण सामग्री, बैंक ब्याज, डिजेलमा दोब्बर मूल्य बढेको छ । यही कारण आयोजनाको लागत महँगो भइरहेको छ । लागत घटाउन सक्ने उपाय छैनन् ? यहाँ उत्पादन नहुने सामान त विदेशबाट आयात गर्नैपर्छ । सिमेन्टमा देश आत्मनिर्भर हुँदैछ भनिन्छ । तर, निकै महँगो छ । किन यसरी महँगो भइरहेको छ । विश्लेषण गर्नुपर्यो । कि यो सिन्डिकेट हो ? बाहिरको आउन नदिने र यहाँ जति मूल्य बढाए पनि हुने हो कि ! अर्को महत्त्वपूर्ण कुरा लेबरको मूल्य हो । हामी ७० वर्ष आन्दोलन गर्यो भनेर गर्व गरिरहेका छौं । यसले हरेक क्षेत्रमा आन्दोलन गर्न सिकायो । आयोजनामा कामदारलाई चित्त नबुझे आन्दोलन गर्छन् । यसैले कामदारको ज्याला छुनै नसक्ने अवस्थामा पुगेको छ । सरकारले नै कामदारको ज्याला १७ हजार रुपैयाँ पुर्यायो । यो १ सय ७० अमेरिकी डलर हो । यति महँगो ज्याला भारत वा बंगलादेश कहिँ छैन । नेपालजस्तो गरिब देशमा यस्तो महँगो लेबरले आयोजनामा असर गर्छ कि गर्दैन ? यो पनि विश्लेषण गर्न जरुरी छ । जुन देशमा पहाडै–पहाड छ वा ढुंगाको खानी छ । त्यहाँ ढुंगै महँगो छ । उता हामी जलविद्युत उत्पादनमा धनी छौं भनिरहेका छौं । तर, आयोजना निर्माण त्यतिकै महँगो भइरहेको छ । यसमा अनुगमन हुनुपर्यो । लागत घटाउनै नसक्ने हो त ? ढुंगा गिट्टी परेको लागतभन्दा ४ वा ५ गुणासम्म बढी लिने गरेको आयोजनाका प्रवद्र्धक बताउँछन् । हरेक निर्माण सामग्री त्यस्तै छ । भारत र चीनसँग कसरी प्रतिस्पर्धा गर्ने ? ती देशमा आन्तरिक प्रतिस्पर्धा छ । यहाँ छैन । यहाँ कसले कति मुनाफा लिन सक्ने भन्नेमा सरकारले अनुगमन गरेको छैन । आयोजना सस्तो हुनलाई पहिलो सरकारले बैंक ब्याज नियन्त्रण गर्नुपर्यो । दोस्रो, सिमेन्टमा अनुगमन गर्नुपर्यो । बाहिर र भित्रको सिमेन्टमा किन यति धेरै महँगो हुन्छ ? कि सिमेन्ट उत्पादन नै महँगो हो । चुनढुंगा खानी त देशमै छ । भारतबाट त क्लिंकरमात्र न ल्याउने हो । क्लिंकरको लागत कति पर्छ ? उद्योगमा प्रतिबोरा कतिमा उत्पादन हुन्छ । र, बजारमा कसरी बेचिन्छ भन्ने अनुगमन हुनुपर्यो । आयोजनाको लागत बढ्नुमा बैंक र प्रवर्द्धकको मिलेमतो हुन्छ भनिन्छ नि ? लागत बढाउने यसबाट आफ्नो लगानी निकाल्ने र बैंक ऋणबाटै आयोजना निर्माण गर्ने प्रचलन एक समय थियो । पछिल्लो समय धेरै सुधार आएको देखिन्छ । यद्यपि, यो पक्ष निर्माण सामग्री वा अन्य चिजसँग जोडिँदैन । सोझै भ्रष्टाचारसँग जोडिने कुरा भयो । अब बैंकहरू पनि सजग भइसके । लगानी गर्नुपूर्व वातावरणीय, भौगोलिक तथा लागतको अवस्था हेर्ने गरेका छन् । बाँध, सुरुङ वा अन्य संरचना कहाँ कसरी निर्माण हुन्छ भन्ने अनुगमन गर्छन् । सम्पूर्ण पक्षको 'ड्यूडेलिजेन्स' गराएपछि मात्र लगानी गर्ने अवस्थामा पुग्छन् । नियमनकारी निकाय वा राष्ट्र बैंकले पनि अनुगमन गरिरहेको हुन्छ । यसमा ध्यान दिँदा भ्रष्टाचार बन्द गर्न सकिन्छ । आयोजना विकासकर्ता र बैंक

प्रमुखको मिलेमतो भए अरू कुरा त निष्क्रिय हुने भयो ? बैंकहरूलाई राष्ट्र बैंकले अनुगमन गरिरहेको हुन्छ । बैंक प्रमुखलाई पनि सञ्चालक समितिले निगरानीमा राखेको हुन्छ । आयोजनामा अहिले एउटा पक्ष वा व्यक्तिले मात्र सबै काम गर्छ भन्ने हुँदैन । हरेक व्यक्ति सचेत हुँदै आएको छ । यसैले, भनेजस्तो गर्न त्यति सजिलो नहोला । आयोजनामा भ्रष्टाचार हुने देखेर नै नेपाल धितोपत्र बोर्डले एउटा कम्पनीमा सञ्चालक भएको व्यक्ति अर्कोमा हुन नपाउने नियम ल्यायो । यो त ठिक हो नि ? यो त्यति प्रभावकारी नियम हो जस्तो लाग्दैन । व्यवहारिक पनि होइन । आफ्नो पैसा चलाउन जतिसुकै कम्पनीमा सञ्चालक भएर के फरक पर्छ ? सरकारले तोकेको मापदण्ड पूरा गर्नुपर्यो । पारदर्शिता मापन गरी नियमन तथा अनुगमन हुनुपर्यो । रानी जमरा कुलरिया सिँचाइ आयोजनामा ७ मिटर उचाईको बाँधमा ५ मेगावाट विद्युत उत्पादन हुँदैछ । तराईमा पनि जलविद्युत उत्पादन हुँदो रहेछ भन्ने देखियो । यसतर्फ निजी क्षेत्र आकर्षित होला ? रानी जमरा त बहुउद्देश्यीय सिँचाइ आयोजना भयो । यो महँगो छ । यसमा विद्युतमात्र छुट्ट्याएर दियो भने त गर्न सक्छन् । निजी क्षेत्र प्रतिफल वा मुनाफायुक्त क्षेत्रमै जाने हो । कुनै आयोजनाले राम्रो प्रतिफल दिन सक्ने देखियो भने आकर्षित नहुने भन्ने हुँदैन । निजी क्षेत्रले नाफामुखी भएर आरोपमात्र लगाइरहन्छ । सिर्जनात्मक आलोचना गर्दै सरकारलाई पनि सहयोग गरौं भन्ने दृष्टिकोणमा जान सकिँदैन ? सरकारले १० वर्षमा १५ हजार मेगावाट उत्पादन गर्ने कार्यक्रम ल्यायो । यसमा निजी क्षेत्रलाई संलग्न गराइएन । राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले 'प्रसारण लाइन गुरुयोजना' बनायो । यसमा पनि निजी क्षेत्रको धारणा सोधिएन । यस्ता दस्तावेज तयार गर्दा सबै पक्षलाई समेटेर जान सके बढी प्रभावकारी हुन्छ । र, निजी क्षेत्रको पनि अपनत्व हुन्छ । हाम्रोमा यस्तो अभ्यासै हुन सकेन । निजी क्षेत्र आलोचनामात्र गर्छ भन्ने सन्देश गएको छ । प्रणालीमा यत्रो विद्युत थपेको देखिँदैन । सरकारले विगतमा तयार गरेका धेरै दस्तावेजमा निजी क्षेत्रको योगदान छ । सरकारलाई सहयोग गर्दै आएको पनि छ । यस्ता दस्तावेज तयार गर्दा अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको पाउनुभएको छ ? चीन एकात्मक व्यवस्थामा छ । त्यहाँ अलग्गै निर्णय हुन्छ । तर, भारत, पाकिस्तानजस्ता प्रजातान्त्रिक मुलुकले विभिन्न सार्वजनिक फोरममा छलफल गरेर अन्तिम रूप दिने गरेको पाइन्छ । एकलौटी ढंगले गर्दैनन् । हाम्रो मन्त्रालयले विभिन्न समयमा बोलाएर तपाईंहरूको विचार वा धारणा राख्नुस् वा लिखित दिनुस् भन्यो भने राम्रो हुन्छ । मन्त्रालय वा सरकारमा निजी क्षेत्र फाइदाका लागि आएको हो, यिनीहरूले केही जान्दैनन् भन्ने सोच छ । अहिले प्रणालीमा जडितमध्ये आधा विद्युत निजी क्षेत्रले उत्पादन गरेको छ । भविष्यमा पनि ऊ अगाडि आउने देखिन्छ । सरकारले त प्राथमिकता नै दिएको हो नि, यसलाई सिर्जनात्मकरूपमा हेर्न सकिन्न ? इपान कुनै आधिकारिक संस्था होइन । न यहाँ सिन्डिकेट हुन्छ । यसले गर्न सक्ने भनेको प्रसारण लाइन, पिपिए वा पिकिङ आयोजना निर्माणका विषय उठाउने हो । मन्त्री वा सचिवलाई बोलाएर अन्तरक्रिया गर्ने र आफ्ना अप्ठ्यारा राख्ने गरिएकै छ । तर, हामीले भनिरहने सरकारले नगर्ने धेरै उदाहरण भइसके । यी समस्या रहिरहेका छन् । यसको निकास भनेको निरन्तर अन्तरक्रिया गर्ने, बोल्ने, लिखित जानकारी गराउने नै हो । हामीले आलोचनासँगै सरकारलाई सहयोग गरेको पक्ष बिर्सिनु भएन । निर्माणाधीनमध्ये धेरै आयोजना निजी क्षेत्रकै छन् । भोलि सरकारसँग भन्दा धेरै आयोजना र विद्युत हुने अवस्था आए पिपिएमा बार्गेनिङ गरेर सरकारलाई तल पार्न सक्छ भन्ने टिप्पणी छ । यस्तो हुन सक्छ ? दीर्घकालीन पिपिए गरेर सञ्चलनमा गइसकेका आयोजनाको हकमा त्यो हुने कुरै भएन । सरकारी निकाय प्राधिकरणले पनि आयोजना निर्माण गरिरहेकाले त्यो दिन छिट्टै आउला जस्तो लाग्दैन । प्राधिकरणले कम्पनी बनाएर आयोजना निर्माण गरिरहेको छ । निजी कम्पनीले आयोजन निर्माण गर्दा जेजस्तो प्रक्रिया पूरा गर्नुपर्छ । प्राधिकरणका कम्पनीले पनि त्यही प्रक्रिया पुर्याउनुपर्छ । मानौं, अप्पर तामाकोसीमा कर्मचारी सञ्चय कोष, नेपाल टेलिकमलगायतको स्वामित्व छ । प्राधिकरण एक्लैले मनोमानी गर्न पाउँदैन । र,

पिपिएमा सिन्डिकेट हुने अवस्था पनि आउँदैन । विदेशी लगानी ल्याउन ढोका खुला राखे पनि भित्रबाट चुकल लगाउने पद्दति हटेको छैन सरकारले विदेशी लगानीका लागि ढोका खुला रहेको बताइरहेको छ । तर, भित्रबाट चुकुल लगाउन बिर्सिएको छैन । यस्तो अवस्थामा विदेशी लगानी आउन कत्तिको सजिलो देख्नुहुन्छ ? वैदेशिक लगानी नियमावली बनेको छ । यसले केही कुरा सम्बोधन गर्ने प्रयास गर्यो । तर, भित्र आइसकेपछि १० हजार डलर ल्याउन पनि गाह्रो छ । विदेशी कर्मचारीले यहाँ तलब खान हरेक पटक राष्ट्र बैंकको स्वीकृत लिनुपर्छ । कर्मचारीको काम गर्ने अवधि एक वर्ष तोकिन्छ तर तलब लिन राष्ट्र बैंक धाउने पटक पद्दत्ति हटेको छैन । यसैले, विदेशी लगानीको प्रतिबद्धता आए पनि पैसा ल्याउन सजिलो छैन । सानो परामर्शको काम गर्न कुनै कम्पनीलाई दिइयो । पैसा विदेशबाट ल्याउनुपर्छ । स्वीकृतमा झन्झट छ । 'ब्ल्याङ्केट अप्रुभल' हुनुपर्यो । डलर पिपिएको एउटा रूपरेखा बनेको छ । १० वर्षसम्म ऋण पक्ष डलरमा दिने भन्नु ठिकै हो । अब यता कमाएको पैसा लैजाने वातावरण पनि बन्नुपर्यो । 'वर्क परमिट' सजिलो हुनुपर्यो । अध्ययनक्रमका आयोजनामा पैसा आउन दिनुपर्यो । विदेशी लगानीका तमाम झमेला छन् । ५/७ वर्षपछि विदेशी लगानी नभए पनि हामी सक्षम छौं भन्ने अवस्था आउला ? यो हुन सक्दैन । अहिले देशमा पुँजीको ठूलो अभाव छ । विदेशी पैसा चाहिन्छ । हामीले यहाँ भएको सबै पुँजी एउटै क्षेत्रमा लगाउन सक्दैनौं । लगानीकर्ता वा वित्तीय व्यवस्थापकले भएको पुँजी एउटै क्षेत्रमा लगाउने कि नलगाउने भन्ने निर्णय गर्न पनि गाह्रो छ । दक्षिण कोरियाले सोलदेखि भुसानसम्मको बाटो बनाउँदा त २/३ वर्ष राज्यको बजेट त्यहीँ खन्यायो नि । नेपालले यस्तो गर्न सक्दैन ? यहाँ त्यसो हुन सक्दैन । जलविद्युतमा मात्र लगानी गर्ने अवस्था हुँदैन । हामी गरिबीको रेखा नजिकै छौं । शिक्षा तथा रोजगारीमा समस्या छ । हामीलाई ४-५ हजार मेगावाट भए विद्युत पुग्छ । जलविद्युतमा मात्र सबै पुँजी खन्याउन सम्भव छैन । निजी क्षेत्रले पनि भएको पुँजी एकै ठाउँमा राख्दैन । बाहिरको पैसा ल्याएर जोखिम व्यवस्थापन गर्नुपर्छ । हामी हरेक पटक इथियोपियाको उदाहरण दिन्छौं । उसले आफ्नै लगानीमा ६ हजार मेगावाटको आयोजना निर्माण गरिरहेको छ, हामी किन सक्दैनौं भन्छौं । वास्तविकता के हो त ? इथियोपिया र नेपालको पारिस्थितिक अवस्था फरक छ । आकारमा नेपालभन्दा ७ गुणा ठूलो र ३ गुणा बढी जनसंख्या भएको देश हो । त्यहाँ विद्युत धेरै चाहिन्छ । ठूला बजार वा सहर छन् । अर्कोतर्फ बाढी नियन्त्रण गर्न पनि सहयोग पुग्ने देखेर रिनेसान्स बाँध निर्माण अघि बढायो । त्यो एउटा उदाहरणमात्र हो । चीनले पनि एउटा थ्रि–गोर्जेज बनायो अर्को त छैन । यो सन्दर्भमा हामीले पनि बूढीगण्डकी बनाउनुपर्छ । बनाउन सकिन्छ भनेको हो । तर, राज्यको सबै पुँजी एउटै क्षेत्रमा खन्याउन उचित हुँदैन ।

श्रोतः कारोबार, २०७५/०४/२०

# एडीबीको सहयोगमा सञ्चालित ऊर्जा आयोजनाको प्रगति न्यून

एसियाली विकास बैंक (एडीबी) को सहयोगमा निर्माण भइरहेका ऊर्जाका आयोजनामा प्रगति न्यून देखिएको छ । राजधानीमा एडीबीले आयोजना गरेको सन् २०१८ को दोस्रो त्रैमासिकको त्रिपक्षीय समीक्षा बैठकमा ऊर्जातर्फका आयोजनाहरूको प्रगति न्यून देखिएको हो । ऊर्जा, पुनर्निर्माण, सहरी विकास तथा खानेपानी, शिक्षा, यातायात, कृषिलगायतका आयोजनाका लागि एडीबीमार्फत अघि बढेका आयोजनाहरूको पोर्टफोलियो २ हजार ३३९ मिलियन डलर अर्थात् करिब २ खर्ब ३३ करोड रहेकोमा ऊर्जातर्फ मात्र ५४ अर्ब ३० करोड रुपैयाँ छ ।

पूर्वाधारसँग सम्बन्धित १० आयोजनामा ऊर्जातर्फका दुई आयोजनाहरूको खर्च न्यून देखिएको छ । समीक्षा बैठकमा एडीबीका पोर्टफोलियो म्यानेजमेन्ट युनिटका अफिसर इन्चार्ज नरेन्द्र चन्दका अनुसार २ आयोजनातर्फ सन् २०१८ मा करिब ५ अर्ब ५ करोड अर्थात ५०.८ मिलियन डलर खर्च गर्ने लक्ष्य तथा दोस्रो त्रैमासिक लक्ष्य २ अर्ब ८६ करोड १० लाख रहेकोमा करिब १ अर्ब ६० करोड ७० लाख खर्च भएको छ । चन्दका अनुसार सन् २०१८ मा १५८.५ मिलियन डलर अर्थात् १५ अर्ब ८५ करोड बराबरका आयोजनाहरूको ठेक्का सम्झौता गरिसक्ने लक्ष्य र दोस्रो चौमासिकभित्र ५८.१७ अर्थात् ५ अर्ब ८१ करोड ७० लाख ठेक्का गर्ने लक्ष्य राखिएकोमा ४.९३ मिलियन डलर अर्थात् ४९ करोड ३० लाखमात्र भएको छ । जुन लक्ष्यभन्दा ५ अर्ब ४८ करोड ८८ लाख रुपैयाँ बराबर कम हो । एडीबीको तथ्यांकअनुसार १ अर्ब २५ करोड ४० लाख रुपैयाँ बराबर खर्च कम भएको छ ।

खर्चतर्फ तनहुँ जलविद्युत् आयोजनाले दोस्रो त्रैमासिकमा करिब ६२ करोड ७० लाख खर्च गर्ने लक्ष्य राखेकोमा ५ करोड ८० लाखमात्र खर्च भएको एडीबीले जनाएको छ । त्यसैगरी सासेक पावर सिस्टम एक्पान्सनतर्फ २ अर्ब २३ करोड ४० करोड खर्च गर्ने लक्ष्य रहेकोमा १ अर्ब ५४ करोड ९० लाख रुपैयाँ खर्च भएको छ । तनहुँ जलविद्युत्को प्याकेज–१ को ठेक्का दिन तथा प्रसारणलाइनतर्फ थानकोट–चापागाउँ–भक्तपुर प्रसारण लाइनको चापागाउँमा जग्गा प्राप्तिमा ढिलाइ भएको एडीबीले जनाएको छ ।

श्रोतः अभियान, २०७५/०४/२०

# ऊर्जामन्त्रीद्दारा भूमिगत प्रसारणलाइनको अनुगमन, २ महीनाभित्र पूरा गर्न निर्देशन

**वन र स्थानीयवासीको अवरोध**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुन आइतवार त्रिशूली–काठमाडौं (२२० केभी) प्रसारण लाइनको एउटा खण्ड (मातातीर्थ)को अनुगमनमा पुगेका छन् । उनको साथमा ऊर्जा मन्त्रालयका सचिव अनुपकुमार उपाध्याय र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसमेतको टोली नै थियो ।

निर्माणाधीन १ हजार ३ सय ९ मिटरको उक्त भूमिगत प्रसारण लाइनमध्ये हालसम्म करीब ६ सय ३० मिटर पूरा भएको छ ।

निर्माणस्थलमा वन तथा स्थानीयवासीको समस्या रहेकाले निर्माणलाई गति दिन नसकिएको आयोजनाले अनुगमन टोलीलाई जानकारी गरायो । तर, सो लाइन त्रिशूली कोरिडोरमा उत्पादित विद्युत् प्रवाह गर्ने मुख्य लाइन भएकाले तोकिएको समयभित्रै पूरा गर्न मन्त्री पुनले निर्देशन दिए । साथै वन तथा स्थानीयवासीको समस्या साथै सुरक्षाका सवालमा गृह मन्त्रालयसँग कुरा भइसकाले जसरी पनि समयमै काम सक्न मन्त्री पुनले जोड दिएका छन् । मन्त्रीले स्थानीयवासीलाई आश्वस्त पार्दै आयोजनाका कारण उत्पन्न भएका समस्याको उचित समाधान हुने बताए । स्थानीयले खनेको बाटो हुँदै भूमिगत लाइन विस्तारको काम भएकाले स्थानीयबाट अवरोध भएको छ । समस्या समाधान भए २ महीनाभित्र काम पूरा हुने चिनियाँ ठेकेदार सिडब्लूईले प्रतिबद्धता ब्यक्त गरेको छ ।

सिभिल निर्माण २ महीनाभित्र पूरा भए तार केही समयपछि तान्न सकिने आयोजनाले जानकारी दिएको छ ।

त्रिशूली–काठमाडौं प्रसारण लाइनमा निर्माण हुने १ सय ४० टावरमध्ये हालसम्म १ सय २७ ओटा टावरको निर्माण पूरा भएको छ ।

श्रोतः गोरखापत्र, २०७५/०४/२०

## खोरुंगा जलविद्युत्को ५० प्रतिशत निर्माण सम्पन्न

साढे सात मेगावाट क्षमताको माथिल्लो खोरुंगा खोला जलविद्युत् आयोजना निर्माणको कामले गति लिएको छ । तोकिएको म्यादभन्दा अगावै काम सम्पन्न गर्ने लक्ष्यसहित तीव्र गतिमा काम भइरहेको र अहिलेसम्म ५० प्रतिशत काम सम्पन्न भएको प्रवद्र्धक तेह्रथुम पावर कम्पनीले जनाएको छ ।
आयोजनास्थल मेन्छ्यायेम गाउँपालिका–५, मोराहाङमा आवश्यक पूर्वाधार निर्माणको काम भइरहेको छ । प्रवद्र्धक कम्पनी तेह्रथुम पावर कम्पनीका प्रबन्ध सञ्चालक मोहनकुमार डाँगीले आयोजनाको निर्माणस्थलमा इन्टेक, पाइपलाइन एक्जावेसन, पानीट्यांकी सोलिङ, कनेक्टिङ प्यानल र पावरहाउसका लागि भवन निर्माणलगायत काम तीव्र गतिमा भइरहेको बताउनुभयो ।
रु। एक अर्ब ३७ करोड लगानीमा निर्माण हुने आयोजना निर्माणको काम धौलागिरि र खड्काकृष्ण जेबी कन्सट्रक्सनले जिम्मा लिएका छन् । प्रवद्र्धक कम्पनीको शनिबार काठमाडौँमा भएको विशेष साधारणसभामा प्रबन्धक सञ्चालक डाँगीले अहिलेसम्मको प्रगति सार्वजनिक गर्दै म्यादभन्दा अगावै काम सम्पन्न गर्ने गरी काम भइरहेको जानकारी गराउनुभयो । २०७६ को पुस १ सम्ममा काम सम्पन्न गर्ने म्याद भए पनि २०७६ को असारमै काम सम्पन्न गर्ने गरी तीव्र गतिमा काम भइरहेको उहाँको भनाइ थियो ।
साधारणसभामा तेह्रथुमबाट निर्वाचित प्रतिनिधिसभाका सदस्य भवानीप्रसाद खापुङ, प्रदेशसभा सदस्य लक्ष्मण तिवारी, पूर्वमन्त्री पर्शुराम खापुङ, पूर्वराज्यमन्त्री सीता गुरुङलगायतले आयोजनालाई शीघ्ररुपमा सम्पन्न गर्न सुझाव दिनुभयो । जिल्लावासीको लगानीमा बन्ने उक्त आयोजनाको काम शुरु भएसँगै स्थानीयले रोजगारीसमेत पाएका छन् । आयोजना निर्माणका लागि माछापुच्छ«े बैंक, नेपाल बंगलादेश बैंक र जनता बंैकले रु एक अर्ब लगानी गर्ने भएपछि काम भइरहेको े कम्पनीका अध्यक्ष भुपतिलाल श्रेष्ठले बताउनुभयो ।
आयोजनाका लागि श्रीजुङस्थित मुहानबाट करीब चार किमी लामो पाइपमार्फत पानी ल्याउने तयारी छ । अहिले मुहान र आयोजनास्थल दुवै स्थानमा काम भइरहेको छ । त्यसरी ल्याएको पानी साविक मोराहाङ–४ स्थित पावरहाउसको करीब तीन सय मिटर माथिबाट तल झारेर विद्युत् उत्पादन गरिनेछ । रासस

श्रोतः अभियान, २०७५/०४/२०

## ऊर्जा क्षेत्रको नियमनका लागि ‘विद्युत् नियमन आयोग’ गठन हुँदै

सरकारले केही दिन भित्रैमा बहुप्रतिक्षित विद्युत् नियमन आयोग गठनको प्रक्रिया शुरु गर्ने भएको छ । मन्त्रिपरिषद्को गत जेठ ३० गतेको बैठकले विद्युत् नियमन आयोग नियमावली, २०७५ पारित गरिसकेको छ । नियमावलीलाई राजपत्रमा प्रकाशित गर्नका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले पठाइसकेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले आयोग गठनको प्रक्रिया शुरु भएको जानकारी दिए । नियमावली प्रकाशित भएपछि आयोग गठनको मार्ग प्रशस्त हुने र त्यसको आवश्यक तयारी भइसकेको मन्त्री पुनले बताएका छन् । उनले भने, ‘एकाध दिनभित्रै आयोग गठनको प्रक्रिया शुरु हुन्छ । हामी त्यसको तयारीमा छौँ ।”

मुलुकको ऊर्जा क्षेत्रको नियमनका लागि स्थापना गर्न लागिएको विद्युत् नियमन आयोग ऐन गतवर्ष नै पारित भएको थियो । यस्तै विद्युत् नियमन आयोगको नियमावली पारित भएको दुई महीनापछि मन्त्रालयले राजपत्रमा प्रकाशनका लागि उपलब्ध गराएको छ । लामो समयदेखि आयोग गठनको प्रक्रियाले गति लिन नसकेको भन्दै ऊर्जा क्षेत्रका जानकार तथा उद्यमीले चासो व्यक्त गर्दै आएका थिए । ‘सरोकारवाला व्यक्ति वा संस्थाको चासोलाई हामीले सम्मान गर्दै शिघ्र आयोग गठनको प्रक्रिया अगाडि बढाएका छौँ, अब एकाध दिनभित्रै आयोग स्थापनाका लागि मन्त्रालयले पहल गर्छ,” मन्त्री पुनले भने ।

गत वर्ष भदौ १९ गते नेपाल राजपत्रमा आयोग स्थापना सम्बन्धी ऐन प्रकाशित भएको थियो । सोही ऐनको आधारमा गत जेठ ३० गते नियमावलीसमेत पारित भयो । विद्युत् उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाइ विद्युत्को माग र आपूर्तिमा सन्तुलन कायम राख्न, विद्युत् महसुल नियमन गर्न, विद्युत् उपभोक्ताको हक र हित संरक्षण गर्न आयोगको परिकल्पना गरिएको हो ।

मन्त्री पुनले ऐन र नियमावलीले गरेको व्यवस्थाअनुसार नै मन्त्रालयले आवश्यक तयारी गरेको जानकारी दिएका छन् । यस्तै विद्युत्को बजारलाई प्रतिस्पर्धात्मक बनाउन तथा विद्युत् सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित बनाउन आयोग जरुरी रहेको मन्त्रालयले बताएको छ । आयोगको अध्यक्षका लागि राजपत्राङ्कित विशिष्ठ श्रेणीको पदमा रही काम गरेको वा अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा कानून वा इन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी त्यस्तो विषय सम्बन्धीत क्षेत्रमा कम्तीमा २० वर्ष कार्यानुभव भएको व्यक्तिमध्ये सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष हुने व्यवस्था गरिएको छ ।

यस्तै ऐनमा अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखालगायत विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरी कम्तीमा १५ वर्षको अनुभव भएका एक महिलासहित चार जनालाई सदस्यमा नियुक्त गर्ने व्यवस्था गरिएको छ । आयोग अध्यक्षको छनोटका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ

मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयले मनोनित गरेको एक विद्युत् विज्ञ र मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।
मन्त्री पुनले ऐन र नियमावलीले गरेको व्यवस्थाका आधारमा अध्यक्ष एवम् सदस्यको छनोटका लागि सार्वजनिक सूचना प्रकाशित गरेर आवेदन लिइने बताए । उनले भने, 'ऊर्जा क्षेत्रको विकासका लागि महत्वपूर्ण मानिएको आयोगलाई ऐनले व्यवस्था गरेअनुसार नै अधिकार सम्पन्न बनाउने र नेपालको ऊर्जा क्षेत्रमा सरकारले राखेको लक्ष्य पूरा गराउन हरतरहको सहयोगसमेत उपलब्ध गराइन्छ ।" आयोगले विद्युत् सेवा सम्बन्धी ग्रीडसंहिता र वितरणसंहिता बनाइ कार्यान्वयन तथा त्यसको अनुगमन गर्ने, विद्युत् सेवाको सञ्चालन तथा मर्मत सम्भारको स्तर तथा कार्यविधि निर्धारण गर्ने छ । यस्तै राष्ट्रिय विद्युत् प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न मापदण्ड बनाउने, विद्युत्को आन्तरिक माग तथा आपूर्तिको लागि न्यूनतम लागत विस्तारका लागि कार्य योजना बनाइ कार्यान्वयन गर्ने प्रबन्ध समेत ऐनले गरेको छ ।
यस्तै विद्युत् उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी विषयमा अनुमति प्राप्त व्यक्तिबीच भएको सम्झौतामा विवाद भए समाधान गरिनेछ । ऐनले पूर्व सूचना नदिइ विद्युत् सेवा अवरुद्ध गर्ने वा गराए त्यस्ता व्यक्तिलाई रू.पाँच लाखसम्म जरिवाना गर्ने व्यवस्था गरिएको छ । ग्रिड र वितरणसहित स्वीकृति दिँदा, विद्युत्को थोक खरीद बिक्री दर निर्धारण गर्दा, विद्युत् खरीद सम्झौताको सहमति दिँदा, प्रसारण तथा वितरण दस्तुरलगायत अन्य महसुल उठाउन पाउने व्यवस्था गरिएको छ ।
स्वतन्त्र ऊर्जा उत्पादकको संस्था(इपान)का अध्यक्ष शैलेन्द्र गुरागाईंले आयोग स्थापनामा ढिलाइ नगर्न र तत्काल प्रक्रिया शुरु गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई आग्रह गरेका छन् । उनले भने, 'आयोग गठन भएपछि सरकारी निकायकाबीच रहेको विवाद समाधान गर्न मार्ग प्रशस्त हुने छ भने ऊर्जा क्षेत्रमा थप सहजता हुने भएकाले निजी क्षेत्रले पनि यसलाई विशेष प्राथमिकतामा राखेको छ ।" उनले आयोग गठनपछि विद्युत्को आन्तरिक बजार विस्तार तथा अन्तरराष्ट्रिय बजार विस्तारमा थप सहजीकरण हुने भएकाले निजी क्षेत्रले लामो समयदेखि माग गर्दैआएको बताए । रासस

श्रोतः क्यापिटल नेपाल, २०७५/०४/२१

# निरन्तर वर्षाले खिम्ती—२ आयोजनाको पूर्वाधार निर्माण रोकियो

निरन्तरको वर्षाका कारण रामेछाप र दोलखामा निर्माणाधीन ४८ दशमलव ८ मेगावाट क्षमताको खिम्ती—२ जलविद्युत् आयोजनाको काम रोकिएको छ । रामेछाप र दोलखाको सीमानामा निर्माण हुने उक्त आयोजनाको भौतिक पूर्वाधार निर्माणका काम असार लागेपछि निरन्तरको वर्षाका कारण रोक्नुपरेको आयोजनाले जनाएको छ ।

आयोजनाको मुख्य काम सुरुङ निर्माण, बाँध, हाइड्रो मेकानिकलको काम आगामी दशैँपछि मात्रै सुरु गरिने भएको छ । अहिले आयोजनास्थलसम्म पुग्ने १२ किलोमिटर बाटोमध्ये १० किलोमिटर बाटो निर्माण भइसकेको आयोजनाका सिभिल इन्जिनियर रामहरि शर्माले जानकारी दिए । उनले ३ ओटा पुलमध्ये दुई ओटा निर्माण भइसकेको र समग्रमा पूर्वाधार निर्माणको ७० प्रतिशत काम सम्पन्न भएको बताए ।

'निरन्तर वर्षा भइरहेकाले काम गर्न सकिरहेका छैनौं,' उनले भने, '१० किमी बाटो, दुई ओटा पुल र सिभिलतर्फको काम लगभग सकिएको छ ।'

आयोजनाको मुख्य प्रवद्र्धक पिपल्स इनर्जी लिमिटेडमार्फत् चिनियाँ कम्पनी चोङ्गिङ वाटर टर्बाइन वक्र्स (सीडब्ल्यूटीडब्ल्यू) ले निर्माण गर्न लागेको छ । इन्जिनियरिङ, खरिद, निर्माण र वित्तीय (ईपीसी) मोडेलमा निर्माण हुन लागेको यो नेपालको पहिलो आयोजना हो । आयोजना निर्माणका लागि फाइनान्सिङ क्लोजर भइसकेको छ ।

सानिमा बैङ्कको अगुवाइमा अन्य नौ ओटा बैङ्कको यस आयोजनामा लगानी रहने छ । आयोजनाको लागत झन्डै ९ अर्ब रुपैयाँ रहेको आयोजनाका इन्जिनियर शर्माले जानकारी दिए ।

श्रोतः कारोबार, २०७५/०४/२१

# भूमिगत प्रसारण लाइनको काम ४८ प्रतिशत सकियो

नेपाल विद्युत् प्राधिकरणले बनाइरहेको नेपालकै पहिलो भूमिगत विद्युत् प्रसारणलाइनको निर्माण कार्य ४८ प्रतिशत पूरा भएको छ । त्रिशूली–काठमाडौं २२० केभी डबल सर्किट प्रसारण लाइनको मातातीर्थमा १ हजार ३ सय ९ मिटर भूमिगत लाइन बनाउनुपर्नेमा त्यसको ४८ प्रतिशत अर्थात् ६३० मिटरको काम सकिएको हो । भूमिगत रूपमा २४ वटा तार राख्न मिल्ने गरी संरचना बनिरहेको प्राधिकरणले जनाएको छ ।

भूमिगत प्रसारण लाइन निरीक्षणका लागि गएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले दुई महिनाभित्र प्रसारणलाइन निर्माणको काम सम्पन्न गर्न निर्देशन दिएका थिए । ऊर्जासचिव अनुपकुमार उपाध्याय, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसहित आइतबार आयोजनाको स्थलगत निरीक्षण गर्न पुगेका मन्त्री पुनले भूमिगत लाइनको सिभिल संरचना निर्माणको बाँकी काम दुई महिनाभित्र सम्पन्न गर्न आयोजना र ठेकेदार कम्पनीलाई निर्देशन दिएका थिए ।

ठेकेदार कम्पनीले निर्माणमा भइरहेको स्थानीय अवरोध हटाई सुरक्षाको प्रत्याभूति दिइएमा र वन क्षेत्रको समस्या तत्काल समाधान भएमा दुई महिनाभित्र काम सक्ने प्रतिबद्धता जनाएको थियो । ठेकेदारले समस्या सुनाएपछि मन्त्री पुनले आयोजनास्थलबाटै वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतलाई फोन गरी गाँठो फुकाइदिन आग्रह गरेका थिए । “स्थानीयलाई मिलाउँछौं, गृहमन्त्रीसँग कुरा भइसकेकाले कार्यस्थलमा सुरक्षा दिन्छौं, रुख कटानमा रहेको समस्या समाधान गर्छौं,” मन्त्री पुनले भने, “सिभिल संरचना निर्माणको काम तोकिएको मापदण्ड र गुणस्तरमा दुई महिनाभित्रमा जसरी पनि सक्नुपर्छ ।”

मन्त्रिपरिषद्ले महालक्ष्मी मातातीर्थ सामुदायिक वन उपभोक्ता समितिअन्तर्गत पर्ने ६८२ वटा रुख काट्न स्वीकृति दिएको थियो । तर, अहिले प्रसारण लाइनको रुट केही परिवर्तन हुँदा काट्नुपर्ने रुखको संख्या घटेर ३३६ पुगेको छ । रुख कटान स्वीकृतिका लागि फाइल वन विभागका पुगेको छ । रुखको संख्या घटेकाले स्वीकृतिका लागि पुनः पेश गर्नुपरेको आयोजनाले जनाएको छ । काट्नु पर्ने रुखमा टाँचा लगाइसकिएको छ ।

भूमिगत लाइनका लागि सडक खनिएकाले वर्षाको हिलो भएको भन्दै स्थानीयले काममा अवरोध गर्दै आएका छन् । मन्त्री पुनले हिलो बाटोमा ढुंगागिट्टी हाल्दा समस्या समाधान हुने देखिएकाले सोही अनुसार गर्न निर्देशन दिएका छन् ।

प्रसारणलाइन तत्कालका लागि ६० मेगावाटको माथिल्लो त्रिशूली ‘ए’ को विद्युत् काठमाडौं ल्याउन निर्माण गरिएको हो । माथिल्लो त्रिशूली ‘ए’ को निर्माण आगामी पुसभित्र सक्ने लक्ष्य राखिएको र सो अवधिभित्र प्रसारणलाइन बन्न नसकेमा विद्युत् प्रसारणमा समस्या आउने देखिएको छ । ४५ किलोमिटर प्रसारण लाइनको १४० वटा टावरमध्ये १२७ को जग हालिसकिएको आयोजना प्रमुख फडिन्द्रराज जोशीले जानकारी दिए । यो प्रसारणलाइन आगामी दिनमा त्रिशूली करिडोरमा निर्माण भइरहेका जलविद्युत आयोजनाको विद्युत् काठमाडौं ल्याउनसमेत प्रयोग गरिने प्राधिकरणले जनाएको छ । प्रसारणलाइन नेपाल सरकार तथा प्राधिकरणको लगानी र चिनियाँ एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा बनिरहेको हो ।

श्रोतः कान्तिपुर, २०७५/०४/२१

# भूमिगत प्रसारण लाइन: आधा काम सकियो

**बाँकी काम २ महिनामा सक्न निर्देशन**

त्रिशूली–काठमाडौं २२० केभी डबल सर्किट प्रसारण लाइनमध्ये भूमिगत गरिने खण्डको काम करिब आधा सकिएको छ । नेपालमै पहिलोपटक १ हजार ३ सय ९ मिटर लामो भूमिगत प्रसारण लाइन निर्माणाधीन छ ।यो प्रसारण लाइनको मातातीर्थ क्षेत्रमा भूमिगत रूपमा तार बिछ्याइएको हो । भूमिगत प्रसारण लाइन निर्माणको काम ४८ प्रतिशत सकिएको आयोजनाले जनाएको छ ।

हालसम्म करिब ६ सय ३० मिटर भूमिगत प्रसारण लाइन बिछयाउने काम सकिएको आयोजनाले जनाएको छ । २४ वटा तार राख्न मिल्ने गरी संरचना बनाइएको छ ।

आइतबार आयोजनास्थलको निरीक्षण गर्दै ऊर्जामन्त्री वर्षमान पुन र प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको टोलीले आयोजनाको बाँकी काम २ महिनाभित्र सक्न आयोजना र ठेकेदार कम्पनीलाई निर्देशन दिएको छ ।

ठेकेदार कम्पनीले निर्माणमा भइरहेको स्थानीय अवरोध हटाई सुरक्षाको प्रत्याभूति र वन क्षेत्रको समस्या तत्काल समाधान भए दुई महिनाभित्र काम सक्ने प्रतिबद्धता जनाएको छ । निर्माणका लागि अहिले २ सय ७० श्रमिक परिचालित छन् ।

रूख कटानमा समस्या रहेको जानकारी भएपछि मन्त्री पुनले आयोजनास्थलबाटै वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतलाई फोन गरी गाँठो फुकाइदिन आग्रह गरेका थिए ।

‘स्थानीयलाई मिलाउँछौं, गृह मन्त्रीसँग कुरा भइसकेकाले कार्यस्थलमा सुरक्षा दिन्छौं, रूख कटानमा रहेको समस्या समाधान गर्छौं,’ मन्त्री पुनले भने, ‘सिभिल संरचना निर्माणको काम तोकिएको मापदण्ड र गुणस्तरमा दुई महिनाभित्रमा जसरी पनि सक्नुपर्छ ।’

मन्त्रिपरिषद्ले महालक्ष्मी मातातीर्थ सामुदायिक वन उपभोक्ता समितिअन्तर्गत पर्ने ६ सय ८२ वटा रूख काट्न स्वीकृति दिएको थियो । तर, अहिले प्रसारण लाइनको रुट केही परिर्तन हुँदा काट्नुपर्ने रूखको संख्या घटेर ३ सय ३६ वटा मात्र छ ।

रूख कटान स्वीकृतिका लागि फाइल वन विभागमा पुगेको छ । रूखको संख्या घटेकाले स्वीकृतिका लागि पुन: पेस गर्नुपरेको आयोजनाले जनाएको छ । काट्नुपर्ने रूखमा टाँचा लगाइसकिएको छ ।

भूमिगत लाइनका लागि सडक खन्दा हिलो भएको भन्दै स्थानीयले काममा अवरोध गर्दै आएका छन् । हिलो बाटोमा ढुंटागिट्टी हालेर समस्या समाधान गर्न पनि ऊर्जामन्त्री पुनले निर्देशन दिएका छन् । प्रसारण लाइन तत्कालका लागि ६० मेगावाटको माथिल्लो त्रिशूली ‘ए’ को विद्युत् काठमाडौं ल्याउन निर्माण गरिएको हो । माथिल्लो त्रिशूली ‘ए’ को निर्माण आगामी पुसभित्र सक्ने लक्ष्य राखिएको छ । त्यसले पनि प्रसारण लाइन सोही अवधिभित्र बनाइसक्नुपर्ने दबाब छ । ४५ किलोमिटर लामो प्रसारण लाइनका १ सय ४० वटा टावरमध्ये १ सय २७ को जग हालिसकिएको आयोजना प्रमुख फडिन्द्रराज जोशीले जानकारी दिए ।

यो प्रसारण लाइन आगामी दिनमा त्रिशूली करिडोरमा निर्माण भइरहेका जलविद्युत् आयोजनाको विद्युत् काठमाडौं ल्याउनसमेत प्रयोग गरिने प्राधिकरणले जनाएको छ। प्रसारण लाइन नेपाल सरकार तथा प्राधिकरणको लगानी र चिनियाँ एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा बनिरहेको हो।

श्रोतः कारोबार, २०७५/०४/२१

## १९ आयोजनाका १ खर्बको सेयर नागरिकलाई

*भीम गौतम*

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले घोषणा गरेको जनताको जलविद्युत् आयोजना कार्यक्रमअन्तर्गत १९ आयोजनामा १ खर्ब २ अर्ब २८ करोड रुपैयाँ बराबरको जनतालाई सेयर दिने गरी योजना तयार भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले घोषणा गरेको जनताको जलविद्युत् आयोजना कार्यक्रमअन्तर्गत १९ आयोजनामा १ खर्ब २ अर्ब २८ करोड रुपैयाँ बराबरको जनतालाई सेयर दिने गरी योजना तयार भएको छ । ७ वर्षभित्रमा सातै प्रदेशमा १९ जलविद्युत् आयोजनाको स्वपुँजी (इक्विटी)मध्ये ४९ प्रतिशत जनताको सेयर रहने गरी र ७ खर्ब रुपैयाँबराबर स्वदेशी लगानीमार्फत् जुटाउने गरी जलविद्युत् लगानी तथा विकास कम्पनीले यस्तो योजना तयार पारेको हो । 'नेपालको पानी जनताको लगानी, हरेक नेपाली विद्युत्को सेयरधनी' भन्ने अभियानका साथ ३ हजार ५ सय मेगावाट बराबरका जलविद्युत् जनतामा लगानीमा बढाउनेगरी अघि बढेको ऊर्जामन्त्री पुनले जानकारी दिए । "मन्त्रालयले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत मन्त्रालयले समन्वय र नेतृत्व गर्नेगरी प्रत्येक आयोजनाको छुट्टाछुट्टै कम्पनी बनाएर जनताको सेयरमा जलविद्युत् आयोजना बनाउँदैछौं," मन्त्री पुनले भने, "अब सबै नेपाली अर्थात २ करोडले आफ्नो थैलीको पैसा जलविद्युत्मा लगानी गर्न सक्छन्, अधिकतम प्रतिफल दिनेगरी आयोजना छनोट गरी यी आयोजनाबाट नाफाको ग्यारेण्टी गर्ने गरी योजना बनेको छ ।"३ हजार ४ सय ७९ मेगावाट बराबरको आयोजनाको लागत करिब ७ खर्ब हुने, त्यसमध्ये ४ खर्ब ८७ अर्ब ७० करोड ६० लाख ऋण तथा २ खर्ब ८ अर्ब ७४ करोड रुपैयाँ इक्विटी परिचालन गरी आयोजना निर्माण गरिने कम्पनीले तयार पारेको योजनामा उल्लेख छ । "कुल इक्विटीमध्ये ४९ प्रतिशत अर्थात १ खर्ब २ अर्ब २८ करोड रुपैयाँ बराबरको सेयर जनतालाई दिने गरी योजना तयार गरेका छौं," विकास कम्पनीका प्रमुख कार्यकारी अधिकृत छबि पोखरेल भन्छन्, "पाँचदेखि ७ वर्षभित्र सबै जलविद्युत् आयोजनाहरू निर्माण सम्पन्न गरिसक्ने लक्ष्य लिइएको छ ।"योजनाका अनुसार प्रतिमेगावाट २० करोड लागतले आवश्यक करिब ७ खर्बमध्ये ७० प्रतिशत ऋणबाट र ३० प्रतिशत इक्विटीबाट संकलन गर्ने लक्ष्य राखिएको छ ।

४ खर्ब ८७ अर्ब ६ करोड ऋणमध्ये सात वर्षभित्र प्रति वर्षहरूमा क्रमशः कर्मचारी सञ्चय कोषबाट ५ अर्ब, नागरिक लगानी कोषबाट ६ अर्ब, जलविद्युत् लगानी तथा विकास कम्पनीबाट ५ अर्ब, नेपाल दूरसञ्चार कम्पनीबाट ३ अर्ब, राष्ट्रिय बिमा संस्थानबाट २ अर्बका साथै सरकारबाट ६ अर्ब र विभिन्न सुरक्षा निकायबाट ३ अर्ब लगानी परिचालन गरिने उल्लेख छ । त्यसैगरी स्थानीयस्तरमा प्राप्त हुने ऋण, ऋणको बण्ड र कन्भर्टिबल जारी गर्नुका साथै स्वदेशी तथा विदेशबाट बाँकी रकम जुटाउने लक्ष्य राखिएको छ । त्यसैगरी प्रतिवर्ष इक्विटीतर्फ लगानी कम्पनीबाट ३ अर्ब २१ करोड, विद्युत् प्राधिकरण र सहायक कम्पनीबाट ५ अर्ब, उत्पादन कम्पनीबाट २ अर्ब, दूरसञ्चार कम्पनीबाट २ अर्ब, बिमा संस्थानबाट २ अर्ब र नागरिक लगानी कोषबाट २ अर्ब लगानी गरिने योजनामा उल्लेख छ । सबै आयोजनाहरू सरकारका

मातहतका विद्‌युत् उत्पादन कम्पनी, विद्‌युत् प्राधिकरण, चिलिमे कम्पनी लगायतमार्फत अघि बढाउने गरी तयार अघि बढाएको कम्पनीले जनाएको छ । जनताको जलविद्‌युत् कार्यक्रमअन्तर्गत प्रदेश–१ मा ४ सय ८२ मेगावाटको किमाथांका अरुण, ७ सय २५ मेगावाटको अपर अरुण, ३० मेगावाटको इखुवा, ३ सय ७२ मेगावाटको अरुण–४, ७२ मेगावाटको घुन्सा खोला र ७० मेगावाटको सिम्बुवा खोला गरी १ हजार ७ सय ५१ मेगावाटका आयोजना निर्माण गर्ने लक्ष्य राखिएको छ । त्यसैगरी प्रदेश–३ मा तामाकोसी–५ र ३७ मेगावाटको त्रिशुली ३ बी गरी १ सय ३३ मेगावाट, गण्डकी प्रदेशमा ६० मेगावाटको बूढीगण्डकी ग्वारखोला, १ सय मेगावाटको बूढीगण्डकी प्रोक–१, २ सय ४० मेगावाटको बूढीगण्डकी प्रोक–२ र ७५ मेगावाटको बूढीगण्डकी (क) गरी ४ सय ७५ मेगावाटका आयोजना बनाउने लक्ष्य राखिएको छ । त्यसैगरी प्रदेश–५ मा ४८ मेगावाटको भेरी बबई डाइभर्सन, कर्णाली प्रदेशमा ४ सय ९२ मेगावाटको फुकोट कर्णाली, ९२ मेगावाटको जगदुल्ला–१ र ६५ मेगावाटको जगदुल्ला–२ गरी ६ सय ४९ मेगावाटका साथै प्रदेश–७ मा २१० मेगावाटको चैनपुर सेती, १६३ मेगावाटको सेती नदी–३ र ५० मेगावाटको अपर सेती गरी ४ सय २३ मेगावाटको आयोजना बनाउने लक्ष्य जनताको जलविद्‌युत् कार्यक्रम अन्तर्गत लिइएको छ । योजनामा जनताको बढीभन्दा बढी सेयरका लागि व्यापक जनचेतना जगाउनुका साथै आधुनिक प्रविधिको उपयोग गर्ने उल्लेख छ ।

जनताको जलविद्‌युत् कार्यक्रम व्यवस्थापनका लागि ऊर्जा, जलस्रोत र सिँचाइ मन्त्रालयका सचिवको नेतृत्वमा अर्थ र ऊर्जा मन्त्रालयका सहसचिवका साथै विद्‌युत् विकास विभागका महानिर्देशक र विद्‌युत् प्राधिकरणका कार्यकारी निर्देशकसहित लगानी, उत्पादन, ग्रीड र एनईए इन्जिनियरिङ कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरू सदस्य रहेको समिति गठन गर्ने उल्लेख छ ।

| **प्रदेश** | **प्रस्तावित आयोजना (संख्या)** | **मेगावाट** |
|---|---|---|
| १ | ६ | १७५१ |
| ३ | २ | १३३ |
| गण्डकी | ४ | ४७५ |
| ५ | १ | ४८ |
| कर्णाली | ३ | ६४९ |
| ७ | ३ | ४२३ |
| जम्मा | १९ | ३४७९ |

**स्रोतः जलविद्‌युत् लगानी तथा विकास कम्पनी**

श्रोतः नागरीक, २०७५/०४/२१

# भूमिगत प्रसारणको काम ४८ प्रतिशत सकियो

नेपालमै पहिलोपटक बनिरहेको भूमिगत विद्युत् प्रसारणलाइन निर्माणको काम ४८ प्रतिशत सकिएको छ । त्रिशूली–काठमाडौं दुई सय २० केभी डबल सर्किट प्रसारणलाइनको मातातीर्थमा एक हजार तीन सय नौ मिटर भूमिगत लाइन बनाउनुपर्छ । त्यसमध्ये हालसम्म ६ सय ३० मिटरको काम सकिएको हो । भूमिगतरुपमा २४ वटा तार राख्न मिल्नेगरी संरचना बनिरहेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन, सचिव अनुपकुमार उपाध्याय, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आइतबार आयोजनाको स्थलगत निरीक्षण गरी भूमिगत लाइनको सिभिल संरचना निर्माणको बाँकी काम दुई महिनाभित्र सम्पन्न गर्न आयोजना र ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन् । ठेकेदार कम्पनीले निर्माणमा भइरहेको स्थानीयको अवरोध हटाएर सुरक्षाको प्रत्याभूति दिइए र वन क्षेत्रको समस्या तत्काल समाधान भए दुई महिनाभित्र काम सक्ने प्रतिबद्धता जनाएको छ । निर्माणका लागि अहिले दुई सय ७० श्रमिक परिचालित छन्।

रुख कटानमा समस्या रहेको जानकारी भएपछि मन्त्री पुनले आयोजनास्थलबाटै वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतलाई फोन गरी गाँठो फुकाइदिन आग्रह गरेका थिए । 'स्थानीयलाई मिलाउँछौं । गृहमन्त्रीसँग कुरा भइसकेको छ, कार्यस्थलमा सुरक्षा दिएर रुख कटानमा रहेको समस्या समाधान गर्छौंैं,' मन्त्री पुनले भने, 'सिभिल संरचना निर्माणको काम तोकिएको मापदण्ड र गुणस्तरमा दुई महिनाभित्रमा जसरी पनि सक्नुपर्छ ।'मन्त्रिपरिषद्ले महालक्ष्मी मातातीर्थ सामुदायिक वन उपभोक्ता समितिअन्तर्गत पर्ने ६ सय ८२ वटा रुख काट्न स्वीकृति दिएको थियो । तर, अहिले प्रसारण लाइनको रुट केही परिवर्तन हुँदा काट्नुपर्ने रुखको संख्या घटेर तीन सय ३६ वटा पुगेको छ । रुख कटान स्वीकृतिका लागि फाइल वन विभाग पुगेको छ । रुखको संख्या घटेकाले स्वीकृतिका लागि पुन पेस गर्नुपरेको आयोजनाले जनाएको छ । काट्नुपर्ने रुखमा टाँचा लगाइसकिएको छ।

भूमिगतलाइनका लागि सडक खनिएकाले बर्खाको बेला हिलो भएकाले स्थानीयले काममा अवरोध गर्दै आएका छन् । मन्त्री पुनले हिलो बाटोमा ढुंगागिट्टी हाल्दा समस्या समाधान हुने देखिएकाले सोहीअनुसार गर्न निर्देशन दिएका छन् । प्रसारणलाइन तत्कालका लागि ६० मेगावाटको माथिल्लो त्रिशूली एको विद्युत् काठमाडौं ल्याउन निर्माण गरिएको हो । माथिल्लो त्रिशूली एको निर्माण आगामी पुसभित्रमा सक्ने लक्ष्य राखिएको छ ।

त्यसले पनि प्रसारणलाइन सोही अवधिभित्र बनाइसक्नुपर्ने दबाव छ । ४५ किलोमिटर प्रसारणलाइनको एक सय ४० वटा टावरमध्ये एक सय २७ को जग हालिसकिएको आयोजना प्रमुख फडिन्द्रराज जोशीले जानकारी दिए ।यो प्रसारणलाइन आगामी दिनमा त्रिशूली करिडोरमा निर्माण भइरहेका जलविद्युत् आयोजनाको विद्युत् काठमाडौं ल्याउनसमेत प्रयोग गरिने प्राधिकरणले जनाएको छ । प्रसारणलाइन नेपाल सरकार तथा प्राधिकरणको लगानी र चिनियाँ एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा बनिरहेको हो ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७५/०४/२१

## ऊर्जा मन्त्रालयको तदारुकता : फिल्डमै उत्रिए ऊर्जा मन्त्री र सचिव

भूमिगत विद्युत् प्रसारण लाइन निर्माण कार्यमा ऊर्जा मन्त्रालयले तदारुकता देखाएको छ। निर्माणका क्रममा देखिएका अवरोध स्थलगत अनुगमन गरी त्यहींबाट समाधानको उपाय खोज्न ऊर्जा मन्त्री, सचिव र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक फिल्डमा उत्रिएका हुन्।

त्रिशूली–काठमाडौं २२० केभी डबल सर्किट प्रसारण लाइनको मातातीर्थमा एक हजार तीन सय नौ मिटर भूमिगत लाइन बनाउनुपर्छ। त्यसमध्ये हालसम्म ६ सय ३० मिटरको काम सकिएको हो। भूमिगतरूपमा २४ वटा तार राख्न मिल्ने गरी संरचना बनिरहेको छ। यस्तो भूमिगत विद्युत् प्रसारण संरचना निर्माण कार्य ४८ प्रतिशत सकिएको प्राधिकरणले जनाएको छ।ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुन, सचिव अनुपकुमार उपाध्याय, विद्युत् प्राधिकरणका कार्यकार्य निर्देशक कुलमान घिसिङले आइतबार आयोजनाको स्थलगत निरीक्षण गरी भूमिगत लाइनको सिभिल संरचना निर्माणको बाँकी काम दुई महिनाभित्र सम्पन्न गर्न आयोजना र ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन्।

ठेकेदार कम्पनीले निर्माणमा भइरहेको स्थानीय अवरोध हटाई सुरक्षाको प्रत्याभूति दिइएमा र वन क्षेत्रको समस्या तत्काल समाधान भएमा दुई महिनाभित्र काम सक्ने प्रतिबद्धता जनाइएको छ। निर्माणका लागि अहिले दुई सय ७० श्रमिक परिचालित छन्।

रुख कटानमा समस्या रहेको जानकारी भएपछि मन्त्री पुनले आयोजनास्थलबाटै वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई फोन गरी गाँठो फुकाइदिन आग्रह गरेका थिए।

‘स्थानीयलाई मिलाउँछौं, गृह मन्त्रीसँग कुरा भइसकेकाले कार्यस्थलमा सुरक्षा दिन्छौ, रुख कटानमा रहेको समस्या समाधान गर्छौं’,मन्त्री पुनले भने, ‘सिभिल संरचना निर्माणको काम तोकिएको मापदण्ड र गुणस्तरमा दुई महिनाभित्रमा जसरी पनि सक्नुपर्छ।’

मन्त्रिपरिषद्ले महालक्ष्मी मातातीर्थ सामुदायिक वन उपभोक्ता समिति अन्तर्गत पर्ने ६ सय ८२ वटा रुख काट्न स्वीकृति दिएको थियो। तर, अहिले प्रसारण लाइनको रुट केही परिर्तन हुँदा काट्नुपर्ने रुखको संख्या तीन सय ३६ मा झरेको छ। रुख कटानका स्वीकृतिका लागि फाइन वन विभागका पुगेगको छ। रुखको संख्या घटेकाले स्वीकृतिका लागि पुनः पेस गर्नु परेको आयोजनाले जनाएको छ। काट्नुपर्ने रुखमा टाँचा लगाइसकिएको छ।

भूमिगत लाइनका लागि सडक खनिएकाले वर्खाका बेला हिलो भएकाले स्थानीयले काममा अवरोध गर्दै आएका छन्। मन्त्री पुनले हिलो बाटोमा ढुंटागिट्टी हाल्दा समस्या समाधान हुने देखिएकाले सोहीअनुसार गर्न निर्देशन दिएका छन्।

प्रसारण लाइन तत्कालका लागि ६० मेगावाटको माथिल्लो त्रिशूली ‘ए’ को विद्युत् काठमाडौं ल्याउन निर्माण गरिएको हो। माथिल्लो त्रिशूली एको निर्माण आगामी पुसभित्रमा सक्ने लक्ष्य राखिएको छ। त्यसले पनि प्रसारण लाइन सोही अवधिभित्र बनासक्नु दबाब छ। ४५ किलोमिटर प्रसारण लाइनको एक

सय ४० वटा टावरमध्ये एक सय २७ को जग हालिसकिएको आयोजना प्रमुख फडिन्द्रराज जोशीले जानकारी दिए।

यो प्रसारण लाइन आगामी दिनमा त्रिशूली करिडोरमा निर्माण भइरहेका आयोजनाको विद्युत् काठमाडौं ल्याउनसमेत प्रयोग गरिने प्राधिकरणले जनाएको छ। प्रसारण लाइन नेपाल सरकार तथा प्राधिकरणको लगानी र चिनियाँ एक्जिम बैकको सहुलियतपूर्ण ऋणमा बनिरहेको हो।

निर्माणका क्रममा देखिएका अवरोध स्थलगत अनुगमन गरी त्यहींबाट समाधानको उपाय खोज्न ऊर्जा मन्त्री, सचिव र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक फिल्डमा उत्रिएका हुन्।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७५/०४/२१

# इस्टर्न हाइड्रो अन्तिम चरणमा

इस्टर्न जलविद्युुुुत् आयोजनाको काम ८५ प्रतिशत पूरा भएको छ । पाँच मेघावाट क्षमताको यो आयोजना प्राविधिकसमस्याका कारण झण्डै साढे पाँच वर्ष रोकिएको थियो । जलविद्युुुुत् आयोजनाको काम हाल तीव्र गतिमा बढेको छ ।

एक अर्ब १४ करोड रुपैयाँ लगानीमा बन्ने यो आयोजना पीपीएअनुुुुसार २०७६ असारसम्म सकिनुुपर्ने हो । तर, कामको गतिमा आएको तीव्रता हेर्दा आगामी असोजभित्रै सकिने सम्भावना बढेको छ । आयोजना अधिकृत दिपेन राईले लामो समय बन्द रहेको आयोजना डेढ वर्षमै ८५ प्रतिशतभन्दा बढी काम सम्पन्न गरिएको जानकारी दिए । उनले भने, ‘निर्माण कार्यको गति हेर्दा सम्झौता अवधि अगावै सम्पूर्ण काम सम्पन्न गर्ने लक्ष्य राखेका छौं ।’

२०६२ सालमा तात्कालीन समयका लागि नेपाल विद्युुुुत् प्राधिकरणसँग ४५ करोड लगानीमा २ दशमलब ५ मेघावाट विद्युुुुत् उत्पादन हुुुुने सम्झौताअनुुुुरुप आयोजनाको सर्वे गरिएको थियो । २०६७ सालबाट आयोजनाको निर्माण सुुुुरु गरिए पनि सडक, विद्युुुुत् प्रसारण, इन्धन, नाकाबन्दी, भूकम्प, राजनीतिक गतिरोधलगायत कारण निर्माण ठप्प जस्तै भयो । २०७२ को अन्त्यतिर आयोजनाको विद्युुुुत् क्षमता बढाएर ५ मेघावाट पुुुु¥याइएपछि कामको थालनी गरिएको थियो । आर्थिक वर्ष २०७५/७६ को साउन पहिलो हप्तासम्म आयोजनाको क्षेत्रको ९० प्रतिशत र मेकानिकल ६० प्रतिशत काम देखिए पनि समग्रमा ८५ प्रतिशतभन्दा बढी निर्माण कार्यसम्पन्न भएको छ । आयोजनाको विद्युुुुतगृहदेखि मुुुुहानसम्मको ४ किलोमिटर एड्रेस पाइप बिछ्याउने, टर्बाइन राख्ने, फोर बे निर्माण, मुुुुहानको बाँधबाँध्ने काम ९० प्रतिशत बढी सकिएको छ । वर्षात् सुुुुरु भइसक्दा मुुुुहानको बाँधबाँध्ने काम अन्तिम चरणमा पुुुु¥याइएको आयोजनाका प्रमुुुुख एवम् इन्जिनियर रोशन साहले बताए । उनले भने, ‘अहिले आयोजनाको अन्डर स्लुुुुइसको काम सकेर पिखुुुुवा खोलामा पर्खाल हाल्ने काम लगभग सकिने क्रममा छ ।’

यसबाहेक फेब्रिकेसन (कच्चा फलामका पातालाई पाइपका लागि जोड्ने, दोबार्ने, वेल्डिङ गर्ने काम), मुुुुहान बाँधको वाल उठाउने काम भइरहेको छ । आयोजनामा नेपाली र भारतीय फिल्ड इन्जिनियर, सुुुुपरभाइजर, प्राविधिक, हेल्पर गरी तीन सयभन्दा बढी कामदार छन् ।

श्रोतः उर्जा खबर, २०७५/०४/२१

## खोलामा पैसा बग्या बगै, टुंगुन/ठोस्ने खानी खोलाले साढे १६ करोड गुमायो

नेपाल विद्युत प्राधिकरणले समयमा प्रसारण लाइन तयार नगरेपछि झन्डै २ वर्ष हुँदासम्म ललितपुरमा निर्माण भएको ६.३४ मेगावाटको टुंगुन/ठोस्ने खानीखोलाको विद्युत जोडिन सकेको छैन । प्राधिकरणको यो लापरबाहीले प्रवर्द्धकले अहिलेसम्म करोडौं रुपैयाँ नोक्सान बेहोर्नु परेको छ । प्राधिकरणले कहिलेसम्म प्रसारण लाइन निर्माण गर्छ भन्ने अझै यकिन छैन । मातातीर्थ सबस्टेसनदेखि ३४ किलोमिटर टाढा ललितपुरको माल्टासम्म ३३ केभी प्रसारण लाइन निर्माण गर्नुपर्छ । २०७१ को सुरुमा काम सुरु भएका २ जलविद्युत आयोजना ३ वर्ष नहुँदै पूरा भएका थिए । टुंगुन/ठोस्नेले २०७३ कात्तिक ९ गते र खानी खोलाबाट २०७३ मंसिर २० गतेदेखि विद्युत उत्पादन गरिरहेका छन् । आवश्यक ३३ केभीको लाइन नहुँदा ११ केभीको फर्पिङ र दक्षिण ललितपुर फिडरमा जोडिएको छ । जसका कारण उत्पादित पूरै विद्युत खपत हुन सकेको छैन । खानी खोला हाइड्रो पावर कम्पनी लिमिटेडले निर्माण गरेको दुवै आयोजनाबाट बैशाख १ गत आर्थिक वर्षसम्म ३ करोड १० लाख ५९ हजार युनिट विद्युत खेर गएको छ । प्राधिकरणले दुवै आयोजनासँग बर्खामा प्रतियुनिट ४.८० रुपैयाँ र हिउँदमा प्रतियुनिट ८.४० रुपैयाँमा पिपिए विद्युत खरिद सम्झौता (पिपिए) गरेको छ । उक्त खरिद दरका आधारमा गत असारसम्म कम्पनीले करिब १६ करोड ७० लाख रुपैयाँ गुमाएको छ । पिपिए हुँदा समयमा प्रसारण लाइन नबने प्राधिकरण र आयोजना नबने प्रवद्र्धकले ५ प्रतिशत क्षतिपूर्ति तिर्नुपर्ने प्रावधान छ । तर, ५ प्रतिशत क्षतिपूर्तिले कम्पनीको नोक्सान सम्बोधन हुन सक्दैन । प्राधिकरणकै लापरबाहीले समयमा प्रसारण लाइन निर्माण नभएको भन्दै कम्पनीले क्षतिपूर्ति दाबी गरेको छ । दुवै आयोजनाबाट अहिलेसम्म भएको घाटा रकम प्राधिकरणाले दिनुपर्ने कम्पनीका अध्यक्ष विजयमान शेरचनले बताए । मन्त्रालयले सुनुवाई नगरे मुद्दा हाल्नेसमेत उनले चेतावनी दिएका छन् । कम्पनीले पटक–पटक मन्त्रालयलाई प्रसारण लाइन छिटो निर्माण गरी विद्युत जोड्ने व्यवस्था मिलाइदिन आग्रह गर्दै आएको छ । शेरचनले गत साउन ४ गतेमात्र राष्ट्रिय योजना आयोग, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री, गृह मन्त्री लगायत निकायलाई बोधार्थ लेखी पत्राचार गरेका छन् । औद्योगिक पूर्वाधार विकासअन्तर्गत उद्योग विभागबाट लक्ष्मी सिमेन्टका लागि माल्टा सबस्टेसन र ३३ केभी लाइन निर्माण अघि बढाइएको थियो । प्रसारण लाइन निर्माणको ठेक्का पाएको बंगलादेशको इनर्जी प्याक इन्जिनियरिङले अहिलेसम्म काम पूरा गरेको छैन । जय दुर्गे कम्पनीले जिम्मा लिएको माल्टा सबस्टेसन भने यसअघि नै पूरा भएको छ । ३४ किलोमिटर लाइनमध्ये अझै ५ किलोमिटरमा पोल गाडिएको छैन । यस्तै, करिब ६ किलोमटिरसम्म मात्र तार तानिएको छ ।

श्रोतः १२खरी डट्कम्, २०७५/०४/२१

# विद्युत् नियमन आयोग गठन हुँदै, ऊर्जा क्षेत्रले फड्को मार्ने

*रमेश लम्साल*

सरकारले केही दिन भित्रैमा बहुप्रतिक्षित विद्युत् नियमन आयोग गठनको प्रक्रिया शुरु गर्ने भएको छ । मन्त्रिपरिषद्को गत जेठ ३० गतेको बैठकले विद्युत् नियमन आयोग नियमावली, २०७५ पारित गरिसकेको छ । नियमावलीलाई राजपत्रमा प्रकाशित गर्नका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले पठाइसकेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले आयोग गठनको प्रक्रिया शुरु भएको जानकारी दिए । राष्ट्रिय समाचार समितिसँग कुरा गर्दै मन्त्री पुनले नियमावली प्रकाशित भएपछि आयोग गठनको मार्ग प्रशस्त हुने र त्यसको आवश्यक तयारी भइसकेको बताए । उनले भने, “एकाध दिनभित्रै आयोग गठनको प्रक्रिया शुरु हुन्छ । हामी त्यसको तयारीमा छौँ ।”

मुलुकको ऊर्जा क्षेत्रको नियमनका लागि स्थापना गर्न लागिएको विद्युत् नियमन आयोग ऐन गतवर्ष नै पारित भएको थियो । यस्तै विद्युत् नियमन आयोगको नियमावली पारित भएको दुई महिनापछि मन्त्रालयले राजपत्रमा प्रकाशनका लागि उपलब्ध गराएको छ । लामो समयदेखि आयोग गठनको प्रक्रियाले गति लिन नसकेको भन्दै ऊर्जा क्षेत्रका जानकार तथा उद्यमीले चासो व्यक्त गर्दै आएका थिए । “सरोकारवाला व्यक्ति वा संस्थाको चासोलाई हामीले सम्मान गर्दै शिघ्र आयोग गठनको प्रक्रिया अगाडि बढाएका छौँ, अब एकाध दिनभित्रै आयोग स्थापनाका लागि मन्त्रालयले पहल गर्छ,” मन्त्री पुनले भने । गत वर्ष भदौ १९ गते नेपाल राजपत्रमा आयोग स्थापना सम्बन्धी ऐन प्रकाशित भएको थियो । सोही ऐनको आधारमा गत जेठ ३० गते नियमावलीसमेत पारित भयो । विद्युत् उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाइ विद्युत्को माग र आपूर्तिमा सन्तुलन कायम राख्न, विद्युत् महसुल नियमन गर्न, विद्युत् उपभोक्ताको हक र हित संरक्षण गर्न आयोगको परिकल्पना गरिएको हो ।

मन्त्री पुनले ऐन र नियमावलीले गरेको व्यवस्थाअनुसार नै मन्त्रालयले आवश्यक तयारी गरेको जानकारी दिए । यस्तै विद्युत्को बजारलाई प्रतिस्पर्धात्मक बनाउन तथा विद्युत् सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित बनाउन आयोग जरुरी रहेको मन्त्रालयले जनाएको छ । आयोगको अध्यक्षका लागि राजपत्राङ्कित विशिष्ठ श्रेणीको पदमा रही काम गरेको वा अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा कानुन वा इन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी त्यस्तो विषय सम्बन्धीत क्षेत्रमा कम्तीमा २० वर्ष कार्यानुभव भएको व्यक्तिमध्ये सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष हुने व्यवस्था गरिएको छ ।

यस्तै ऐनमा अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखालगायत विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरी कम्तीमा १५ वर्षको अनुभव भएका एक महिलासहित चार जनालाई सदस्यमा नियुक्त गर्ने व्यवस्था गरिएको छ । आयोग अध्यक्षको छनोटका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयले मनोनित गरेको एक विद्युत् विज्ञ र मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।

मन्त्री पुनले ऐन र नियमावलीले गरेको व्यवस्थाका आधारमा अध्यक्ष एवं सदस्यको छनोटका लागि सार्वजनिक सूचना प्रकाशित गरेर आवेदन लिइने बताए । उनले भने, “ऊर्जा क्षेत्रको विकासका लागि महत्वपूर्ण मानिएको आयोगलाई ऐनले व्यवस्था गरेअनुसार नै अधिकार सम्पन्न बनाउने र नेपालको ऊर्जा क्षेत्रमा सरकारले राखेको लक्ष्य पूरा गराउन हरतरहको सहयोगसमेत उपलब्ध गराइन्छ ।”

आयोगले विद्युत् सेवा सम्बन्धी ग्रीडसंहिता र वितरणसंहिता बनाइ कार्यान्वयन तथा त्यसको अनुगमन गर्ने, विद्युत् सेवाको सञ्चालन तथा मर्मत सम्भारको स्तर तथा कार्यविधि निर्धारण गर्ने छ । यस्तै राष्ट्रिय विद्युत् प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न मापदण्ड बनाउने, विद्युत्को आन्तरिक माग तथा आपूर्तिको लागि न्यूनतम लागत विस्तारका लागि कार्य योजना बनाइ कार्यान्वयन गर्ने प्रबन्ध समेत ऐनले गरेको छ ।

यस्तै विद्युत् उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी विषयमा अनुमति प्राप्त व्यक्तिबीच भएको सम्झौतामा विवाद भए समाधान गरिनेछ । ऐनले पूर्व सूचना नदिइ विद्युत् सेवा अवरुद्ध गर्ने वा गराए त्यस्ता व्यक्तिलाई रु पाँच लाखसम्म जरिवाना गर्ने व्यवस्था गरिएको छ । ग्रिड र वितरणसहित स्वीकृति दिँदा, विद्युत्को थोक खरिद बिक्री दर निर्धारण गर्दा, विद्युत् खरिद सम्झौताको सहमति दिँदा, प्रसारण तथा वितरण दस्तुरलगायत अन्य महसुल उठाउन पाउने व्यवस्था गरिएको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इपान)का अध्यक्ष शैलेन्द्र गुरागाईंले आयोग स्थापनामा ढिलाइ नगर्न र तत्काल प्रक्रिया शुरु गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई आग्रह गरे । उनले भने, “आयोग गठन भएपछि सरकारी निकायकाबीच रहेको विवाद समाधान गर्न मार्ग प्रशस्त हुने छ भने ऊर्जा क्षेत्रमा थप सहजता हुने भएकाले निजी क्षेत्रले पनि यसलाई विशेष प्राथमिकतामा राखेको छ ।” उनले आयोग गठनपछि विद्युत्को आन्तरिक बजार विस्तार तथा अन्तर्राष्ट्रिय बजार विस्तारमा थप सहजीकरण हुने भएकाले निजी क्षेत्रले लामो समयदेखि माग गर्दैआएको बताए । रासस

श्रोतः कान्तिपुर, २०७५/०४/२२

# बूढीगंगा जलविद्युत् आयोजना : दुई दशकमा पनि डीपीआर बनेन

*मेनुका ढुंगाना*

सरकारको ऊर्जा जलस्रोत र विद्युत् विकास विभागअन्तर्गत अछामको बूढीगंगा जलविद्युत् आयोजनाको अध्ययन सुरु भएको दुई दशक बितिसक्दा पनि आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार हुन सकेको छैन ।सरकार आफैंले निर्माण गर्ने भनिएको २० मेगावाट क्षमताको बूढीगंगा जलविद्युत् आयोजनाको निर्माणका लागि २०५२ सालदेखि नै अध्ययन सुरु भएको हो । २०७३ सालमा अध्ययन सम्पन्न हुने र २०७६ सालमा निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि हालसम्म अध्ययन नै सम्पन्न भएको छैन ।

सन् १९९७ मा सम्पन्न सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्यांकन अध्ययनअनुसार अनुमानित कुल लागत नेपाली मुद्रामा करिब ६ अर्ब रुपैयाँ रहेको आयोजनाका प्रमुख सञ्जय ढुंगेलले बताए । आयोजना निर्माणको कुल लागतमा प्रसारण लाइनको निर्माणको लागतसमेत समावेश गरिएको छ ।

आयोजनाको इन्जिनियरिङ डिजाइन र वातावरणीय प्रभाव मूल्यांकन अध्ययन गरी आयोजनाको निर्माण विकासका लागि २०१४ जुनमा साउदी फन्ड फर अरब डेभलपमेन्टसँग ११ करोड २५ लाख साउदी रियाल (३ अर्ब नेपाली रुपैयाँ) को ऋण सम्झौता भइसकेको आयोजनाका इन्जिनियर वीरबहादुर बोहराले बताए । त्यसैगरी २०१२ जुलाईमा कुवेत फन्ड फर अरब इकोनोमिक डेभलपमेन्टसँग ५० लाख कुवेती दिनार (१ अर्ब ८ करोड रुपैयाँ) को ऋण सम्झौता भइसकेको छ । बाँकी रकम सरकारले व्यहोर्ने ऋण सम्झौतामा उल्लेख गरिएको इन्जिनियर बोहराले बताए ।

अध्ययन सुरु भएको २३ वर्ष बितिसकेको भए पनि अहिलेसम्म जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन भने तयार भएको छैन । अस्ट्रेलियन कम्पनी स्मेक र नेपालको उदय कन्सल्टेन्सीले बूढीगंगाको डीपीआर बनाउने जिम्मा पाएका थिए । पटकपटक समय थप गरिए पनि डीपीआर तयार नभएको ढुंगेलले बताए ।

'म अछाममा आयोजना प्रमुख भएर आएको एक महिना मात्रै भयो । यो अवधिमा काम द्रुत गतिमा अघि बढिरहेको छ । डीपीआर दसैंभन्दा अगाडि नै तयार भइसक्नेछ,' ढुंगेलले भने, 'त्यसपछि निर्माणको लागि टेन्डर आह्वान गरिनेछ, निर्माण सुरु भएको ३ वर्षभित्र आयोजनाको काम सम्पन्न भइसक्नेछ ।' आफूले यसअघि केन्द्रमा बसेर बूढीगंगा जलविद्युत् आयोजनाबारे अध्ययन गरेकाले काम द्रुत गतिमा अघि बढ्ने उनले बताए ।

आयोजनाको काम ढिलो भएको प्रति अहिले राजनीतिक दलले पनि चासो राख्न थालेका छन् । आयोजनाको काम अपारदर्शी ढंगले भइरहेको र आयोजना प्रमुख बदलिरहने भएकाले काम प्रभावित भएको पूर्व सूचना तथा सञ्चार राज्यमन्त्री एवं कांग्रेस नेता गोविन्दबहादुर शाहले बताए । 'काम कसरी अगाडि बढाउने, आयोजनाबाट प्रभावित हुने स्थानीयसँग कसरी प्रस्तुत हुने भन्नेबारे पनि छलफल र सहकार्य गर्ने भन्ने पाटो कमजोर देखियो,' उनले भने, 'जलविद्युत् आयोजना स्थललाई राजनीतिक कार्यालय बनाइयो भने निर्माण सम्पन्न हुँदैन ।'

स्थानीयले मुआब्जामा सजिलो पारेको र स्थानीयको तर्फबाट आयोजनाको कामका लागि कुनै असहज नगरेको नेकपाका सदस्य प्रकाश शाहले बताए । 'स्थानीयका तर्फबाट हामीले सस्तोमा जग्गा दिएर सहयोग गरेका छौं,' उनले

भने, ‘एकजना व्यक्तिलाई दोष दिएर हुँदैन । अर्बौंको काम लाखले रोकिँदैन, एकजना व्यक्तिलाई बीचमा राखेर बहाना बनाउन थालिएको छ ।’

स्थानीय तहमा जनप्रतिनिधि चुनिएर आएको १ वर्ष पूरा हुँदा पनि अछामका १० वटा स्थानीय तहबीच आयोजनाबारे कुनै छलफल र चासो नदेखाएको जिल्ला समन्वय समिति अछामका प्रमुख नरबहादुर कुँवर बताउँँछन् । ‘त्यसो हुँदा आफैंले प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरेर काम छिटो गर्न आयोजनाका प्रमुख र अन्य सरोकारवालासँग समन्वय र सहकार्य गरिहेको छु,’ कुँवरले भने, ‘बूढीगंगा जलविद्युत् आयोजना ७ नम्बर प्रदेशको गौरवको आयोजना हो । यसमा सबैले चासो देखाउनुपर्छ ।’

अछाम र बाजुरालगायत प्रदेश ७ को समग्र विकासमा आयोजनाले योगदान पुर्‍याउने विश्वास गरिएकाले बाजुरा जिल्लाबाट जग्गा दिन र अन्य क्षेत्रमा गर्नुपर्ने सहयोग सधैं रहने बूढीगंगा नगरपालिका बाजुराकी उपमेयर तारा खातीले बताइन् ।‘जग्गा अधिग्रहणसँगै मुआब्जामा सहज गराउन हामी तयार छौं, पहिले आयोजनाबाट सम्झौता गर्न आउनुपर्‍यो,’ उपप्रमुख खातीले भनिन्, ‘सरकारको लगानीमा ऊर्जा मन्त्रालय विद्युत् विकास विभागद्वारा निर्माणाधीन आयोजनाप्रति सरकारीस्तरबाटै चासो नभएको र अछामका राजनीतिक दल र सरोकारवालाले देखाएको उदासीनताका कारण जलविद्युत् आयोजनामा अन्योल छ ।’

जलविद्युत् आयोजनाको डीपीआर तयार नभए पनि अहिले आयोजनास्थलसम्म पुग्ने बाटो र कार्यालय भवन निर्माण भइरहेको छ । बूढीगंगा जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रदेश ७ का जिल्लाहरूमा खपत हुने र बाँकी विद्युत् कैलालीको पहलमानपुरसम्म पुर्‍याएर केन्द्रीय प्रसारण लाइनमा जोड्ने लक्ष्य छ । ८.६४ हेक्टर क्षेत्रफल रहेको आयोजनाको मुख्य संरचनामा बाँध, इन्टेक, सेटलिङ, वेसिन, सुरुङ, सर्जटयांक, विद्युत्गृह, टेलरेस, सबस्टेसन र प्रसारण लाइन आदि निर्माण हुनेछन् ।

श्रोतः कान्तिपुर, २०७५/०४/२२

## खोरुंगा खोलाको ५० प्रतिशत निर्माण पूरा

माथिल्लो खोरुंगा खोला जलविद्युत् आयोजना निर्माणको ५० प्रतिशत काम सम्पन्न भएको छ । तोकिएको समयसीमा अगावै काम सम्पन्न गर्ने गरी काम भइरहेको प्रवद्र्धक तेह्रथुम पावर कम्पनीले जनाएको छ । यो आयोजनाबाट ७ दशमलव ५ मेगावाट बिजुली उत्पादन हुनेछ ।आयोजना स्थल मेन्छयायेम गाउँपालिका ५ मोराहाङमा आवश्यक पूर्वाधार निर्माणको काम भइरहेको छ । प्रवद्र्धक तेह्रथुम पावर कम्पनीका प्रबन्ध सञ्चालक मोहनकुमार डाँगीका अनुसार आयोजनाको निर्माणस्थलमा इन्टेक, पाइपलाइन एक्जावेसन, पानी टयांकी सोलिङ, कनेक्टिङ प्यानल र पावरहाउसका लागि भवन निर्माणलगायत काम तीव्र गतिमा भइरहेको छ ।

१ अर्ब ३७ करोड रुपैयाँ लगानीमा निर्माण हुने आयोजना बनाउने काम धौलागिरि र खडा कृष्ण जेबी कन्स्ट्रक्सनले पाएका छन् । प्रवद्र्धक कम्पनीको काठमाडौंमा गत शनिबार भएको विशेष साधारणसभामा प्रबन्धक सञ्चालक डाँगीले अहिलेसम्मको प्रगति सार्वजनिक गर्दै म्यादभन्दा अगावै काम सम्पन्न गर्ने गरी काम भइरहेको जानकारी गराए ।
२०७६ को पुस १ सम्ममा काम सम्पन्न गर्ने म्याद भए पनि २०७६ को असारमा काम सक्ने गरी तीव्र गतिमा काम भइरहेको उनको भनाइ थियो । साधारणसभामा उपस्थित तेह्रथुमबाट निर्वाचित प्रतिनिधिसभाका सदस्य भवानीप्रसाद खापुङ, प्रदेशसभा सदस्य लक्ष्मण तिवारी, पूर्वमन्त्री पर्शुराम खापुङ, पूर्वराज्यमन्त्री सीता गुरुङलगायतले आयोजनालाई शीघ्र सम्पन्न गर्न सुझाव दिएका थिए ।

श्रोतः अभियान, २०७५/०४/२२

# ऊर्जामा विदेशी लगानी खोज्दै सरकार

**जोखीम मोल्न चाहँदैनन् लगानीकर्ता**

*दुर्गा लामिछाने*

ऊर्जामन्त्रीदेखि प्रधानमन्त्रीसम्मै लागेर नेपालको जलविद्युत्मा लगानी गर्न विभिन्न देश तथा अन्तरराष्ट्रिय वित्तीय सङ्घसंस्थासँग आग्रह गरे पनि पछिल्लो समय ती क्षेत्र नेपालमा लगानी गर्न उत्साहित देखिएका छैनन् ।

वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन (सन् १९९२) लागू भएयता नेपालले ऊर्जाक्षेत्रमा विदेशी लगानी स्वीकार्दै आएको हो । त्यसको २ वर्षमै नर्वेजियन कम्पनी स्टाटक्राफ्टले खिम्ती जलविद्युत् आयोजना (६० मेवा)को विकासका लागि लगानी गरी अघि बढायो । अर्को २ वर्षपछि सन् १९९६ मा अमेरिकाको पाण्डा इनर्जी नामक कम्पनीको ७५ प्रतिशत र विश्व बैङ्कको इण्टरनेशनल फाइनान्स कर्पोरेशन (आईएफसी)को १० प्रतिशत लगानीमा माथिल्लो भोटेकोशी जलविद्युत् आयोजना (४५ मेवा)को विद्युत् खरीद सम्झौता (पीपीए) भयो ।

यसरी जलविद्युत्को विकासमा निजीक्षेत्रलाई खुला गरेसँगै शुरू भएको वैदेशिक लगानीले निकै उत्साह ल्याएको थियो । तर, त्यसको करीब डेढ दशकपछि मात्रै नेपालको जलविद्युत् (माथिल्लो मर्स्याङ्दी ‘ए’ आयोजना– ५० मेवा)मा विदेशी लगानी आयो ।

आफूहरूलाई नेपाली मुद्रामा पीपीए गरिरहँदा विदेशी लगानीकर्तासँग अमेरिकी डलरमा गरी राज्यले भेदभाव गरेको आवाज निजीक्षेत्रबाट उठ्ने गरेको थियो । यस्तैमा संसद्को सार्वजनिक लेखा समितिले पनि विसं २०७१ मा डलरमा पीपीए गर्न रोक लगाएपछि विदेशी लगानीसहित प्रक्रियामा अघि बढेका आयोजनाको करीब १ वर्ष पीपीए रोकिएको थियो । कहिले अमेरिकी डलरमा पीपीए गर्न नहुने दबाब त कहिले भारतले बिजुली नकिन्ने विषयजस्ता कुरा जलविद्युत्को विकासमा विदेशी लगानी आउन बाधा पुर्‍याउने विषय बनेका छन् ।

जलविद्युत् आयोजनाहरूको प्रकृतिका आधारमा पीपीए दर निर्धारण भएसँगै रोकिएका विदेशी लगानीका आयोजनाहरू पनि अघि बढे । यसले गर्दा माथिल्लो मर्स्याङ्दी ‘ए’को पीपीए भएको ३ वर्षपछि (सन् २०१३)देखि हालसम्म आइपुग्दा विदेशी लगानीमा निर्माण हुनेगरी अघि बढाइएका आयोजनाको सङ्ख्या नौ पुगेको छ । तर, तीमध्ये सात आयोजनाका लागि निजीक्षेत्रमार्पmत विदेशी लगानी आएको छ भने दुईओटामा मात्रै प्रत्यक्ष लगानी आएको छ । यस अवधिमा प्रत्यक्ष लगानी आएका दुई (रसुवा भोटेकोशी र माथिल्लो त्रिशूली १) आयोजना पनि अमेरिकी डलरसँगको विनिमय जोखीम वहन गर्ने संयन्त्र (हेजिङ फण्ड) खडा गर्ने शर्तमा मात्रै आएका हुन् ।

यहाँको ऊर्जाक्षेत्रमा प्रत्यक्ष विदेशी लगानी नआउनुको कारण नेपालमा रहेका प्रक्रियागत झन्झट प्रमुख रहेको ऊर्जाविज्ञ खड्गबहादुर बिष्ट बताउँछन् । ‘विदेशीहरू हाम्रो यहाँ रहेका जस्ता लाइसेन्स, वन, वातावरण तथा स्थानीयलगायत झमेला बेहोर्न चाहँदैनन्,’ उनी भन्छन्, ‘त्यसैले लगानी गर्न चाहनेले पनि ती झमेला सल्टाउने स्थानीय पार्टनर खोज्छन् ।’ यहाँ रहेका प्रक्रियागत जटिलता सरलीकरण गर्ने हो भने ऊर्जाक्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी आउने उनको तर्क छ ।

हेजिङ फण्डको सहायताले नेपाली दरकै पीपीएमा पनि विदेशी लगानी आकर्षित गर्न सकिने राष्ट्रिय विश्वास भारतले बिजुली किन्दैन भन्ने कुराले टुटेको छ । पछिल्लो समय भारतमा सोलार तथा थर्मल प्लाण्टबाट उत्पादित बिजुलीको

मूल्य सस्तिँदै गएको छ । यसकारण भारत नेपालबाट महँगो जलविद्युत् नकिन्ने मनस्थितिमा जानसक्ने उसका पछिल्लो समयका निर्देशिका तथा प्रतिवेदनहरूले देखाउँछन् ।

यस परिस्थितिले नेपालका खासगरी ठूला जलविद्युत् परियोजनामा विदेशी लगानी आउने सम्भावना कमजोर भएको ऊर्जाविज्ञ बिष्ट बताउँछन् । यसबाहेक नेपालले राखेको १० वर्षभित्रका लागि मात्रै अमेरिकी डलरमा भुक्तानी गर्ने प्रावधानले पनि आईएफसीजस्ता ठूला लगानीकर्ता विकर्षित हुने उनको धारणा छ । 'महँगोमा पीपीए भयो भनिएको खिम्तीकै त 'पे ब्याक' हुन ११ वर्ष ८ महीना लाग्यो,' खिम्तीको मुख्य प्रवद्र्धक हिमाल पावर लिमिटेडको नेतृत्वसमेत गरिरहेका बिष्ट भन्छन्, 'आयोजनाको आकार र प्रकृति हेरी 'पे ब्याक पिरियड' तोक्ने हो भने पनि केही हदमा विदेशी लगानी भित्रिन सक्छ ।'

सरकारले १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादनको सपना देखिरहेको छ । यसलाई पूरा गर्न विदेशी लगानी अपरिहार्य छ । यसकारण नीति, विधि र प्रक्रियामा रहेका समस्याहरूको समाधान पहिलो शर्त हो ।

श्रोतः उर्जा खबर, २०७५/०४/२२

# दोर्दी खोलाको ७० प्रतिशत निर्माण पूरा, अर्को वर्ष विद्युत उत्पादन गर्ने

लमजुङमा निर्माणाधीन २७ मेगावाटको दोर्दी खोला जलविद्युत आयोजना ७० प्रतिशत पूरा भएको छ । दोर्दी खोलामा निर्माणाधीन आयोजनाको बाँध, सुरुङ र विद्युतगृहको प्रगति भएसाथ भइरहेको हो । आयोजनाको बाँधमा ८० प्रतिशत काम सम्पन्न भएको हिमालयन पावर पार्टनर कम्पनीका कार्यकारी निर्देशक गुरूप्रसाद ढकालले बताए । ढकालका अनुसार बाँध क्षेत्रको सिभिल वर्क्स अन्तिम चरणमा पुगेको छ । मुख्य सुरुङको निर्माणले पनि गति लिएको छ । २ हजार ६ सय ६२ मिटर लामो सुरुङमध्ये १ हजार ६ सय मिटर पूरा भएको छ । कमजोर भौगोलिक अवस्थाका कारण मुख्य सुरुङको काम लामो समय प्रभावित भए पनि ठेकेदार परिवर्तन गरेपछि अहिले गति लिएको ढकालले बताए । इको इन्फ्रा व्युल्डर्सले सुरुङको काम अघि बढाउन नसकेपछि ठेक्का तोडेर मल्टी इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट कम्पनीलाई दिइएको थियो । विद्युतगृहको ७० प्रतिशत निर्माण पूरा भएको छ । विद्युतगृहको संरचना निर्माणको काम पूरा गरेर आगामी पुसबाट इलेक्ट्रोमेकानिकल उपकरण जडानको काम सुरु गरिने कम्पनीले जनाएको छ । आयोजनाबाट २०७६ भदौबाट विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको छ । यसअघि २०७५ चैतबाट विद्युत उत्पादन गर्ने तालिका भए पनि ६ महिना ढिलो गरी आयोजना आउन लागेको हो । उत्पादन हुने विद्युत प्राधिकरणको उदिपुर सबस्टेसनमा लगेर जोडिनेछ । ४ अर्ब २३ करोड रुपैयाँ अनुमानित लागतमा आयोजना पूरा गर्ने लक्ष्य छ । आयोजनामा प्राइम कमर्सियल बैंकको अगुवाइमा ८ बैंकले ३ अर्ब १७ करोड रुपैयाँ लगानी गरेका छन् । १ अर्ब ६ करोड रुपैयाँ स्वपुँजी लगानी छ ।

श्रोतः उर्जा खबर, २०७५/०४/२२

## एनइए इन्जिनियरिङले ट्रान्सफर्मर तथा मिटर परीक्षणशाला खोल्ने

नेपाल विद्युत प्राधिकरणअन्तर्गतको एनइए इन्जिनियरिङ कम्पनीले ट्रान्सफर्मर तथा मिटर परीक्षण गर्ने केन्द्र खोल्ने तयारी गरेको छ । विद्युत प्रसारण तथा वितरणसँग सम्बन्धित मेसिनरी तथा उपकरणको गुणस्तरमा शुद्धता कायम गर्दै यसको प्रयोग बढाउने उद्देश्यले प्रक्रिया अघि बढाइएको हो । कम्पनीले यसका लागि भक्तपुर खरिपाटीस्थित प्राधिकरणको तालिम केन्द्रको जग्गा भाडामा लिनेबारे छलफल गरेको छ । परीक्षणशाला खोल्ने विषयमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसँग सकारात्मक कुराकानी भइरहेको कम्पनीका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्यले बताए । 'यहाँ विभिन्न कम्पनीका ट्रान्सफर्मर प्रयोग हुन्छन्,' उनले ऊर्जा खबरसँग भने, 'त्यसको परीक्षण गरी प्रमाणीकरण पनि गरिनेछ ।' प्राधिकरणले चीन, थाइल्यान्ड, सिंगापुर भारतलगायत देशबाट ट्रान्सफर्मर आयात गर्ने गर्छ । यता देशभित्रै नेपाल एकरात इन्जिनियरिङ कम्पनीले पनि ट्रान्सफर्मर उत्पादन गर्ने गर्दै आएको छ । देशभित्र उत्पादन गरेको भन्दा विदेशबाट आयात गरेको ट्रान्सफर्मर सस्तो हुने भन्दै प्राधिकरणले अधिकांश विदेशी प्रयोग गर्ने गरेको छ । विदेशी ट्रान्सफर्मरको गुणस्तरमा सधैं प्रश्न उठ्ने गरेको छ । चीन र थाइल्यान्डबाट आयातित गुणस्तरहीन ट्रान्सफर्मरका कारण ५ वर्षअघि प्राधिकरण ३ दर्जनभन्दा बढी कर्मचारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कारबाहीमा परेका थिए । उनीहरू कमसल ट्रान्सफर्मर आयातमा संलग्न रहेको आरोप थियो । यावत पक्षलाई मनन् गर्दै देशभित्र उत्पादन भएका वा आयात गरिएका ट्रान्सफर्मरको गुणस्तरमा ढुक्क हुन पनि परीक्षणशाला जरुरी रहेको शाक्यले बताए । उनका अनुसार ट्रान्सफर्मरमात्र नभई मिटर, सिटी लगायत उपकरण परीक्षण गरी प्रमाणीकरणको प्रमाणपत्र दिने व्यवस्था हुनेछ । यस्तो कामले विद्युत वितरणको क्षेत्रलाई भरपर्दो र गुणस्तरयुक्त बनाउन मद्दत पुग्ने दाबी गरिएको छ । परीक्षण गरी प्रमाणीकरण गरिएका उपकरण प्रयोगले विद्युत आपूर्तिका अल्पकालीन समस्या अन्त्य हुने अपेक्षा छ ।

श्रोतः कारोबार, २०७५/०४/२३

# दूधकोसी जलाशयलाई एडीबीको ५५ अर्ब ऋण

*भीम गौतम*

एशियाली विकास बैक (एडीबी) ले ८ सय मेगावाटको दूधकोशी जलाशययुक्त आयोजना निर्माणका लागि ५ सय मिलियन डलर अर्थात ५५ अर्ब ६ करोड रुपैयाँ (बुधबारको विनिमय दरअनुसार)भन्दा बढी ऋण दिने भएको छ । नेपाल विद्युत् प्राधिकरणले गठन गरेको दूधकोशी जलविद्युत् कम्पनीमार्फत निर्माण हुन लागेको यो आयोजना निर्माणका लागि एडीबीले यति ठूलो परिमाणमा ऋण दिने भएको हो ।

कुल १ खर्ब ५० अर्ब लागत अनुमान गरिएको आयोजनाको लागि एडीबीले ५५ अर्ब दिने प्रतिवद्धता जनाएको र यसको सम्झौता भने हुन बाँकी रहेको दूधकोशी जलविद्युत् आयोजना प्रमुख वसन्तध्वज श्रेष्ठले जानकारी दिए । एडीबी स्रोतले भने ५ मिलियन डलर ऋण लगानी गर्ने निर्णय भइनसकेको जनाएको छ । आयोजना प्रमुख श्रेष्ठले आयोजनाको लागि लगानी जुटाउनका लागि आयोजनाले प्रक्रिया अघि बढाइसकेको बताए ।

हाल आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण भइरहेको आयोजनाको ६ महिनाभित्र पूरा गरेर सन् दुई वर्षभित्र निर्माण सुरु गर्ने लक्ष्य राखिएको छ । ओखलढुंगा र खोटाङ जिल्लाको बीचमा पर्ने सो आयोजनामा करिब १३ किलोमिटर सुरुङ निर्माण गर्नुपर्ने अध्ययनले देखाएको छ । १३ किलोमिटर लामो सुरुङ निर्माणका लागि बढी समय लाग्ने भएकोले टनेल वोरिङ मेशिन (टीबीएम) ल्याउनेबारे छलफल अघि बढेको आयोजना प्रमुख श्रेष्ठले जानकारी दिए । "भेरी बबई सिँचाइ आयोजनामा प्रयोग भएको टीबीएमले धेरै छिटो सुरुङ निर्माण गरेकोले दूधकोशीमा पनि टीबीएम प्रयोगबारे छलफल भइरहेको छ," उनले भने ।

सन् १९९८ मा भएको पूर्वसम्भाव्यता अध्ययन भएको आयोजनाको तीन वर्षअघि सम्भाव्यता अध्ययन भएको थियो । विस्तृत प्रतिवेदन आउन बाँकी रहेपनि प्रारम्भिक प्रतिवेदनले भने आयोजनाबाट करिब ७५ घरधुरी विस्थापित हुने देखिएको थियो । आयोजनालाई पूर्वाञ्चल क्षेत्रको जलविद्युत् प्रणाली सन्तुलन कायम राख्न सकिने आयोजनाका रूपमा लिइन्छ । लोडसेन्टर नजिक रहेको सो आयोजनामा मोटरबाटोलगायतका पूर्वाधारहरू पुगिसकेकोले छिट्टै र समयमै बन्ने आयोजनाको रूपमा लिइने गरिन्छ ।

श्रोतः नागरीक, २०७५/०४/२४

# तामाकोशीको शेयर आवेदनका लागि म्याद थप

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको साधारण शेयर आवेदनका लागि एक साताको म्याद थप भएको छ। राजधानीमा बस्दै आएका दोलखाका बासिन्दाका लागि शुक्रबारसम्मको समयावधि भए पनि एक साताको म्याद थप गरिएको हो। थप गरिएको अवधिअनुसार आगामी भदौ १ गतेसम्म राजधानीमा शेयर आवेदन दिन सकिनेछ। यही साउन १६ गतेदेखि २५ गतेसम्म राजधानीमा आवेदन दिन पाउने अवधि भए पनि आवेदकको भीड बढेकाले एक साताको समयावधि थप गरिएको आयोजनाले जनाएको छ।

नेपाल धितोपत्र बोर्डका प्रवक्ता नीरज गिरीले विहिवार एक साता समय थप गरिएको जानकारी दिए। “स्थानीय बासिन्दा, आयोजना र बिक्री प्रबन्धकको बोर्डले एक साताको अवधि थप गरेको छ, बिक्री प्रबन्धकले शुक्रबार सूचना प्रकाशित गरेर जानकारी देलान्।” उनले भने।

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेले राजधानी काठमाडौंमा उत्साहप्रद रुपमा शेयर आवेदन भइरहेको जानकारी दिए।

उनकाअनुसार बुधबार साँझसम्म करीब ४५ हजारले आवेदन दिएका छन्। बुधबार एकैदिन १५ हजारले शेयर आवेदन गरेका थिए। विहिवार समेत बैंक तथा वित्तीय संस्थामा ठूलो भीड लागेका कारण करीब १५ हजारको थप आवेदन परेको हुनसक्ने उनकाे भनाइ छ। बुधबार अबेरसम्म रु ९७ करोड ८६ लाख बराबरको आवेदन परेको छ। आयोजनाले स्थानीय बासिन्दाका लागि रु एक अर्ब पाँच करोड ९० लाख बराबरको एक करोड पाँच लाख ९० हजार कित्ता शेयर बिक्री गर्न लागेको हाे। सरकारी नियमानुसार स्थानीय बासिन्दालाई १० प्रतिशत शेयर बिक्री गरिन्छ।

**करीब पाँच गुणाबढी आवेदन पर्ने**

प्रवक्ता डा न्यौपानेले राजधानीमा नै करीब दुई अर्ब बढीको आवेदन पर्ने अनुमान गरिएको बताए। 'दोलखाका बासिन्दा खेतीपातीमा व्यस्त रहेको र आवेदन फर्म मात्रै गाउँगाउँमा पुग्दै गरेको अवस्थामा सबै संकलन हुँदा पाँच गुणाभन्दा बढी आवेदन पर्ने सम्भावना देखिएको छ। त्यो भनेको करीब रु पाँच अर्ब बराबरको आवेदन पर्ने देखिएको छ।' प्रवक्ता डा न्यौपानेले बताए।

स्वदेशी लगानीमा निर्माण भइरहेको आयोजनालाई सरकारले राष्ट्रिय गौरवको आयोजनाका रुपमा राखेको छ। कूल ४५६ मेगावाट क्षमताको आयोजना आगामी पुस मसान्तसम्ममा निर्माण गर्ने समय तालिका तय गरिएको छ। हाल आयोजनाको ९६ प्रतिशत भौतिक निर्माण सम्पन्न भएको छ। आयोजनाले स्थानीय बासिन्दालाई १० प्रतिशत शेयर बिक्री गरेपछि सर्वसाधारणलाई रु एक अर्ब ५८ करोड बराबरको साधारण शेयर बिक्री गर्ने तयारी गरेको छ। रासस

श्रोतः कान्तिपुर, २०७५/०४/२४

# नेपाल–बंगलादेश ऊर्जा सम्झौता हुँदै

**बंगलादेशी ऊर्जा राज्यमन्त्री आज नेपाल आउँदै**

*विजय तिमल्सिना*

नेपाल र बंगलादेशबीच ऊर्जा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर हुने भएको छ । समझदारीपत्रमा हस्ताक्षरका लागि बंगलादेशका ऊर्जा राज्यमन्त्री नसरुल हमिद आज बिहीबार नेपाल आउँदै छन् । भोलि शुक्रबार समझदारीपत्रमा हस्ताक्षर हुने ऊर्जा मन्त्रालयका प्रवक्ता दिनेशकुमार घिमिरेले बताए ।समझदारीमा नेपालबाट बंगलादेशले विद्युत् खरिद गर्ने, नेपाली जलविद्युत् क्षेत्रमा बंगलादेशको लगानी सहजीकरण गर्ने, नेपाल–बंगलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्यका लागि सचिव र सहसचिवस्तरीय संयन्त्र बनाउने जस्ता विषय समावेश हुनेछन् ।

'दुई देशबीच हुने विद्युत् व्यापार कसरी गर्ने, लगानी सहजीकरणजस्ता विषय कसरी अघि बढाउने भन्ने विषयम संयुक्त संयन्त्रमा छलफल हुन्छ,' प्रवक्ता घिमिरेले भने ।

विद्युत्को उच्च माग भएपछि बंगलादेश पछिल्ला वर्षमा विद्युत् आपूर्तिको विकल्प खोज्दै छ । बंगलादेशले विद्युत् भित्र्याउन भुटानमा पनि जलविद्युत् आयोजना निर्माणमा लगानी गरेको छ । नेपालमा आगामी केही वर्षभित्र उत्पादित विद्युत् बढी हुने अनुमान छ । स्वदेशी लगानीमा निर्मित ४५६ मेगावाटको माथिल्लो तामाकोसीसहित निजी क्षेत्रबाट प्रवद्र्धित आयोजनाले उत्पादन थालेपछि मागभन्दा आपूर्ति धेरै हुने अनुमान गरिएको छ ।

नेपालमा खपत भएर बाँकी भएको विद्युत् बंगलादेश निर्यात गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर हुन लागेको हो ।

बंगलादेश पक्ष र ऊर्जा मन्त्रालयबीच नेपालमा बंगलादेशले लगानी गर्न सक्ने सम्भावित जलविद्युत् आयोजनाको विषयमा पनि छलफल हुँदै आएको छ । नेपालका लागि बंगलादेशी राजदूत मासफी विन्टे सामले नेपालमा जलविद्युत् क्षेत्रमा लगानीका लागि बंगलादेश तयार रहेको बताउँदै आएकी छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा नेपाल–चीनबीच पनि ऊर्जा सहकार्य सम्झौतामा हस्ताक्षर भएको छ । यो समझदारीअनुसार नेपाल र चीनबीच पनि सहकार्यका लागि सचिव र सहसचिवस्तरीय संयन्त्र रहनेछ । प्रधानमन्त्री ओलीले असार पहिलो साता चीन भ्रमण गरेका थिए । यसअघि नेपाल–भारतबीच यस्तो सहकार्य हुँदै आएको थियो । नेपाल र भारतका ऊर्जा सचिव र सहसचिवस्तरीय संयुक्त संयन्त्रले दुई देशको ऊर्जासम्बन्धी मुद्दा छलफल गर्दै आएको छ । नेपाल र बंगलादेशबीच सहकार्य समझदारीमा हस्ताक्षर गर्ने गरी लामो समयदेखि तयारी भइरहेको थियो । नेपाल र बंगलादेशबीच यसबारे पटकपटक छलफल हुँदै आएको छ ।

बंगलादेशले आफूलाई अपुग विद्युत् भारतसँग पनि खरिद गर्दै आएको छ । भारतसँग बंगलादेशले ६ सय मेगावाट बढी विद्युत् खरिद गर्दै आएको छ । बंगलादेशले भारतीय विद्युत् व्यापार निगमसँग भारतीय कम्पनीले नेपालमा निर्माण गर्ने माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको विद्युत् खरिद गर्ने

समझदारीपत्रमा हस्ताक्षर गरेको थियो । भारतीय कम्पनी जीएमआरले ९ सय मेगावाटको माथिल्लो कर्णाली आयोजना निर्माणको जिम्मा पाएको छ । समझदारीअनुसार माथिल्लो कर्णालीबाट उत्पादित ३ सयदेखि ५ सय मेगावाटसम्म विद्युत् बंगलादेशले खरिद गर्नेछ ।
सन् २०१६ को अक्टोबरमा बंगलादेशको राजधानी ढाकामा भएको दक्षिण एसिया आर्थिक सम्मेलनको क्रममा नेपाल र बंगलादेशबीच ऊर्जा सहमतिपत्रमा हस्ताक्षर भएको थियो । उक्त सम्झौतामा बंगलादेशले नेपालमा करिब १ हजार ६ सय मेगावाट क्षमता बराबरका दुई आयोजना निर्माण गर्ने उल्लेख थियो । बंगलादेशले निर्माण गर्ने गरी १ हजार १ सय १० मेगावाटको सुनकोसी दोस्रो र ५ सय ३६ मेगावाटको सुनकोसी तेस्रो आयोजना प्रस्ताव गरिएको थियो । दुवै आयोजना बंगलादेशले निर्माण गरी उत्पादित विद्युत् बंगलादेश लैजाने गरी सहमतिमा हस्ताक्षर भएको थियो ।
तत्कालीन वाणिज्यमन्त्री रोमी गौचन थकाली र बंगलादेशी समकक्षी तोफेल अहमदले सहमतिमा हस्ताक्षर गरेका थिए । तर, सम्झौतापछि उक्त अवधारणामा कुनै प्रगति भएको छैन ।
नेपालसहित भारत, भुटान, बंगलादेश सम्मिलित उपक्षेत्रीय बीबीआईएन बैठकमा समेत बंगलादेशले नेपालबाट भारत हुँदै आफ्नो देशमा विद्युत् भित्र्याउन चाहेको मुद्दा उठाउँदै आएको छ ।
विद्युतको माग र आपूर्तिबीचको असन्तुलन बंगलादेशको समस्या रहँदै आएको छ । तथ्यांकअनुसार सन् २०१६ सम्ममा बंगलादेशका कुल परिवारमध्ये ७६ प्रतिशतकहाँ मात्रै विद्युत् सुविधा पुगेको छ । यसलाई सन् २०२१ सम्ममा ९८ प्रतिशत पुर्‍याउने बंगलादेश सरकारको लक्ष्य छ ।

श्रोतः नागरीक, २०७५/०४/२४

# जलस्रोतसँगै सार्वभौमसत्ताको दोहन

*रत्नसंसार श्रेष्ठ*

नेपालमा प्राकृतिक स्रोतका रूपमा पेट्रोलियम पदार्थ, हिरा जस्ता बहुमूल्य पत्थर, सुन जस्ता बहुमूल्य धातु इत्यादिका खनिजहरू अहिलेसम्म पाइएको छैन, पाइने सम्भावना न्यून छ। तर प्रकृतिको वरदानस्वरूप नेपालले प्रचुर मात्रामा जलस्रोत पाएको छ, जसको समुचितरूपमा दोहन भएको छैन। जलस्रोतले नेपालको समृद्धिको भाग्यरेखा कोर्न सक्छ। जलस्रोतबाट विद्युत् उत्पादनको अतिरिक्त यसको समुचित दोहनबाट खानेपानी सुरक्षा र खाद्यान्न सुरक्षा हासिल हुन्छ भने जलमार्ग पनि “निर्माण” गर्न सकिन्छ।

तर भारतसँग द्विपक्षीय सन्धि सम्झौताअन्तर्गत जलस्रोतको दोहन गर्दा नेपालको सार्वभौमसत्तामा पटक पटक आँच आएको छ । साथै लगानीको सुरक्षाको प्रश्नले गर्दा पनि सार्वभौमिकतामा आघात पर्ने अवस्था छ।

‘अन्तर्राष्ट्रिय’ नदी

कोशी, गण्डकी, कर्णाली र महाकालीजस्ता नदीहरू चीनमा उत्पत्ति भएर नेपालबाट भारत र बंगलादेश हुँदै बंगालको खाडीबाट हिन्द महासागरमा समाहित हुने हुनाले कतिपयले यी नदीहरूलाई “अन्तर्राष्ट्रिय” नदी भन्छन् । भारतमा यी नदीहरू धेरै उचाइबाट नखस्ने हुनाले यसबाट भारतमा ठूलो परिमाणमा बिजुली उत्पादन हुँदैन । थोरै उचाइबाट कम क्षमताका जलविद्युत् आयोजना निर्माण सम्भव छ।

जलस्रोतको द्विराष्ट्रिय दोहन र विदेशी लगानी सुरक्षाको नाममा नेपालको सार्वभौमिकता खुम्चिँदै जानेछ। वास्तवमा भारतले नेपालमा यी नदीहरूबाट बिजुलीभन्दा धेरै पानी चाहन्छ, सुख्खायाममा थप÷नियन्त्रित पानीबाट उत्तर प्रदेश, बिहार र बंगालमा सिँचाइ गर्नका साथै पानीको प्यास मेट्न । सप्त कोशी उच्चबाँध, कर्णाली चिसापानी, पञ्चेश्वर जस्ता आयोजना निर्माण गरेर वर्षात्को पानी नेपालमा भण्डारण गर्न चाहन्छ, जसबाट भारतमा बाढी नियन्त्रण पनि हुन्छ।

साथै भारत यी नदी दोहन गरेर बाह्रैमास जलमार्ग पनि सञ्चालन गर्न चाहन्छ गंगा नदीलगायतमा । नेपाली समकक्षी ओलीलाई समेत भारतीय प्रधानमन्त्रीले जलमार्गबाट “सागरमाथा” र सागर जोड्ने सपना देखाइसकेको छ । यसका लागि नेपालका खोँचहरूमा बाँध बाँधेर नेपालका उपत्यकाहरूमा वर्षात्को पानी सञ्चय गर्नुपर्ने हुन्छ, जुन भारतको उत्तर प्रदेश, बिहार वा बंगालमा सम्भव छैन । स्मरणीय छ, नेपालमा यस्ता संरचना निर्माण भए नेपालको भूभाग डुबानमा पर्छ र स्थानीय बासिन्दा विस्थापित हुन्छन् । डुबानमा परेका जमिनबाट उत्पादन हुने कृषि उपज र वन पैदावार आदिबाट नेपाल वञ्चित हुन्छ, दशकौँसम्म।

भारतका तत्कालीन जलस्रोत मन्त्री सैफुद्दिन सोजले भनेका थिए, नेपालका नदीहरूबाट भारतको पहिलो प्राथमिकता बाढी नियन्त्रण र सिँचाइ हो, जलविद्युत् बोनस मात्र । त्यसैले भारत नेपालमा जलाशययुक्त आयोजनाहरू बनाउन चाहन्छ । अनि चाहन्छ, यी आयोजनाहरू पनि विद्यमान कोशी र गण्डक बाँधकै अवधारणा बनाउन।

कोशी र गण्डक सम्झौता अनि बाँधहरू

बिहारको शोक” कहलिएको कोशी नदी नियन्त्रण गर्ने उद्देश्यले १९५४ अप्रिलमा सम्पन्न कोशी सम्झौता १९६६ डिसेम्बरमा संशोधन गरिएको थियो । यसको प्रमुख उद्देश्य थियो, बिहारमा वर्षामा बाढी नियन्त्रण गर्ने र बाँकी ८

महिना जति सुख्खायाममा सिँचाइबाट खाद्यान्न उत्पादन र उत्पादकत्वमा अभिवृद्धि । १९५८ बाट सुरु भएको बाँध लगायतको संरचनाको निर्माण १९६२ मा सम्पन्न भएको थियो।

बाँधका कारण हरेक वर्षात्को मौसममा नेपालको थप कृषियोग्य जमिन र वनजंगल डुबानमा पर्छन्, अनि स्थानीय बासिन्दा विस्थापित हुन्छन् । यस्तो नोक्सानको आँकलन भएको छैन।

सम्झौताको धारा ३ मा यी बाँध लगायतका संरचनाहरू रहेको नेपालको भूभाग भारतको नियन्त्रणमा रहने व्यवस्था छ र अद्यापि भारतको नियन्त्रणमै छ । यो सम्झौता अवधि १ सय ९९ वर्षको हुनाले यो भूभाग अर्को एक शताब्दीभन्दा बढी समय भारतको नियन्त्रणमा रहन्छ । अर्थात् ५० वर्षदेखि नेपालको यो भूभागको सार्वभौमसत्ता भारत अधीनस्थ थियो र अर्को एक शताब्दीभन्दा बढी समय यो भूभागको सार्वभौमसत्ता भारत अधीनस्थ रहन्छ।

यो संरचना निर्माण गरिएर भारतको बिहारमा २१ लाख हेक्टरमा बाढी नियन्त्रण हुन्छ, जसको लाभको मूल्यांकन हुनसकेको छैन । अनि यही बाँधबाट उत्पादन हुने पानीबाट भारतले १३ लाख २१ हजार हेक्टरमा सिँचाइ गर्छ । अफ्रिकी देश लेसोथोले दक्षिण अफ्रिकालाई १८ घनमिटर प्रतिसेकेन्ड पानी आपूर्ति गरेर वार्षिक अढाइ करोड अमेरिकी डलर भुक्तानी पाएको आधारमा भारतले सिँचाइका लागि कोशीको पानी उपयोग गरेबापत वार्षिक ६१ करोड डलर (विद्यमान विनिमय दर अनुसार वार्षिक ६६ अर्ब रुपियाँ) नेपाललाई भुक्तानी दिनुपर्ने हुन्छ । जुन आज पर्यन्त गरिएको छैन।

उक्त बाँधले नेपालको ९ हजार ८ सय हेक्टर भूमि डुबानमा परेको छ भने ३३ हजार हेक्टरमा जलजमाउ हुन्छ । यसकारणले नेपाल कृषि उपज, वन पैदावार आदिबाट वञ्चित भएको छ विगत ६ दशकदेखि र अर्को १ शताब्दीभन्दा बढी स्थिति यही रहनेछ । यसरी वञ्चितीकरण परेकोबाट नेपाललाई हुने घाटाको आँकलन हुन सकेको छैन । यस अतिरिक्त उक्त बाँधका कारण हरेक वर्षात्को मौसममा नेपालका थप कृषियोग्य जमिन र वनजंगल डुबानमा पर्छन्, अनि स्थानीय बासिन्दा विस्थापित हुन्छन् । यस्तो नोक्सानको आँकलन भएको छैन।

अहिले मध्य वर्षात्मा बाढी उत्कर्षमा छ । तर यो बाँधको ५६ ढोकामध्ये आधा पनि खोलिएका छैनन् । बाढीले ताण्डव मच्चाइरहेको छ।

हुन त उक्त बाँधको पानीबाट उत्पादिन ६ मेगावाट जति विद्युत् नेपालले पाएको छ भनिन्छ जसको मूल्य साढे १७ लाख डलर जति हुन्छ (१९ करोड रुपियाँ जति) । तर यो लाभ भारतले वार्षिक ६६ अर्ब रुपियाँ बराबरको सिँचाइ मात्रैबाट पाउने लाभको तुलनामा नगण्य हो । बाढी नियन्त्रणबाट हुने लाभको आँकलन गरिएको छैन।

गण्डक सम्झौता र बाँध पनि यस्तै छ, एउटा अपवादबाहेक । गण्डक सम्झौतामा कुनै अवधि नतोकिएकाले गण्डक बाँध लगायताका संरचना निर्मित भूभाग भारतको नियन्त्रणमा अविछिन्न कालसम्म रहनेछ । अर्थात् गण्डक बाँध लगायतका संरचना रहेको भूभागको सार्वभौमसत्ता अनन्त कालसम्म भारतको नियन्त्रणमा रहने भयो।

यी दुवै बाँध द्विराष्ट्रिय सम्झौताअन्तर्गत निर्मित हुनाले नेपाल र भारतले संयुक्तरूपमा सञ्चालन गरिनुपर्ने हो । तर त्यसो हुन नसकेकाले नेपालको सार्वभौमसत्तामा आँच आएको हो । नेपालको सिँचाइ विभागका अनुसार कोशी बाँधलगायतको संरचनाका लागि ९ हजार हेक्टर र गण्डकीका लागि ५ सय हेक्टर भूमि भारतको नियन्त्रणमा छ।

कर्णाली चिसापानी बहुउद्देश्यीय आयोजना

यो विषयको अर्को पाटो हो, कर्णाली चिसापानी बहुउद्देश्यीय आयोजना, जुन अहिलेसम्म पनि कार्यान्वयन गरिएको छैन । यो आयोजना कार्यान्वयन गर्न भनेर सन् १९८० को दशकमा ४ सयभन्दा बढी विद्यार्थी छात्रवृत्तिमा भारतको रुड्की कलेजमा इन्जिनियरिङ अध्ययन गर्न पठाइएकामा तीमध्ये धेरै अहिले सेवानिवृत्त भइसके । तर पनि उक्त आयोजना कार्यान्वयनमा आएको छैन । यस सम्बन्धमा कुनै आधिकारिक अभिलेख छैन । तर तत्कालीन राजा

वीरेन्द्रले नेपालको सार्वभौमसत्तामा आँच आउने अवस्था देखेरै यो आयोजना अगाडि नबढाउने निर्णय गरेका थिए, जसको कुनै अभिलेख उपलब्ध छैन।
यस सम्बन्धमा भारतका तत्कालीन विदेश मामिला सचिव जगत मेहताको भनाइ मननीय छ । उनका अनुसार भारतले यो आयोजनामा आफ्नो सुरक्षा संवेदनशीलता हुने हुनाले यसको सुरक्षा भारतले गर्न पाउनुपर्ने दाबी गर्दा नेपालको सार्वभौकितामा आँच आउने महसुस गरिएको थियो । यो कुरा उनले आफ्नो एक लेखमा समावेश गरेका छन्, जुन अब्जर्भर रिसर्च फाउन्डेसन नामक संस्थाले प्रकाशित गरेको पुस्तकमा समाविष्ट छ।
भारतीय पूर्वसचिव मेहताको भनाइबाट के प्रस्टिन्छ भने भारत नेपालमाथि निर्भर हुन चाहँदैन । नेपालको नियन्त्रणमा रहे "नेपालले कुनै पनि बेला विद्युत् आपूर्ति बन्द गर्छ, जुन भारतका लागि सुरक्षा संवेदनशीलताको कुरा हुन्छ ।" यस परिप्रेक्ष्यमा नेपालमा आगतमा निर्माण हुने आयोजनाहरूमाथि भारत निर्भर हुने अवस्थामा भारतले आफ्नै सुरक्षाकर्मी परिचालन गर्नेछ, कोशी, गण्डकीमा गरेझैँ र कर्णाली चिसापानीमा गर्न खोजेझैँ।
लगानीको सुरक्षा
राष्ट्रिय सभाका वर्तमान सांसद राधेश्याम अधिकारीले "यो साता" नामक पत्रिकामा "कर्णाली आयोजनामा माओवादी नीति" शीर्षकमा जनवरी २०१० मा प्रकाशित लेखमा "भारतले आफ्नो लगानी सुरक्षित गर्न आवश्यक सुरक्षा आफैँले गर्नुपर्ने प्रस्ताव पेस गर्नसक्छ । शक्ति राष्ट्रहरूद्वारा यस्ता प्रस्ताव राख्नुलाई अस्वाभाविक भन्ने गरिँदैन" भनेका छन्।
मतलब भारतले नेपालमा कुनै आयोजनामा लगानी गर्ने भएमा त्यो आयोजनामा भारतले आफ्नै सुरक्षाकर्मी परिचालन गर्ने चाहना राख्नु "अस्वाभाविक भन्ने गरिँदैन" र भारतलाई आफ्ना सुरक्षाकर्मी परिचालन गर्न दिनुपर्छ ! यस्तो अवस्थामा नेपालको सार्वभौमिकता, स्वाधीनता र राष्ट्रियतामाथि आँच आउने कुरा सांसद अधिकारीलाई ठूलो कुरा रहेनछ!
सांसद अधिकारीले नेपाली कांग्रेसको प्रतिनिधित्व गर्छन् । अब प्रश्न उठ्छ, यो उनको व्यक्तिगत भनाइ हो कि, उनले प्रतिनिधित्व गर्ने दलको धारणा पनि यही हो ? साथै महाकाली सन्धि सम्पन्न गर्न तत्कालीन एमाले दल पनि सक्रियतापूर्वक लागेका थियो र वर्तमान प्रधानमन्त्रीले उक्त सन्धिको पक्षमा पैरवी गरेका थिए । अब प्रश्न उठ्छ, के सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी र यसका पदाधिकारीहरूको धारणा पनि यस्तै हो?
पञ्चेश्वर आयोजना कार्यान्वयनमा गए के महाकाली नदीको पूर्वी किनार, जुन नेपालको भूभाग हो, मा निर्माण हुने पावरहाउसमा भारतले आफ्नो सुरक्षाकर्मी परिचालन गर्छ ? किनभने यो आयोजनाले उत्पादन गर्ने विद्युत् भारतले आयात गर्छ र भारत सुरक्षा संवेदनशीलताको कारणले आफ्नै सुरक्षाकर्मी परिचालन गर्न चाहन्छ । यसो भएमा नेपालको सार्वभौमिकतामा यहाँ पनि आँच आउने हुन्छ।
अरुण ३ लगायतका वैदेशिक लगानीका आयोजनाहरू
भारतीय कम्पनी सतलज जलविद्युत् निगमको लगानीमा अरुण ३ आयोजना नेपालमा निर्माण हुनै लागेको छ । के त्यसो भए सांसद अधिकारीको सिद्धान्तअनुसार भारतले यो आयोजनामा पनि आफ्नो सुरक्षाकर्मी परिचालन गर्छ? भारतलाई यस्तो सुविधा दिएको अवस्थामा समानताको सिद्धान्तको आधारमा अन्य देशहरूलाई पनि आआफ्नै सुरक्षाकर्मी परिचालन गर्न दिनुपर्ने हुन्छ र विदेशी लगानी आकृष्ट गर्ने नाममा नेपाल त विभिन्न देशहरूका सुरक्षाकर्मीहरू परिचालित भएर वैदेशिक सुरक्षाकर्मीहरूले चलखेल गर्ने देश हुन पुग्छ, अधिकारी सिद्धान्त कार्यान्वयन भएमा!

सार्वभौमसत्ताको अक्षुण्णता

नेपालको क्षेत्रफल झन्डै १ लाख ४७ हजार २ सय वर्ग किलोमिटर छ । जसमध्ये सीमाविद् बुद्धिनारायण श्रेष्ठका अनुसार भारतले ६ सय वर्ग किलोमिटरभन्दा बढी सीमा मिचेको छ । कोशीमा ९० वर्ग किलोमिटर र गण्डकमा ५४ वर्ग किलोमिटर भारत अधीनस्थ छ । यसरी अहिल्यै झन्डै १ हजार वर्ग किलोमिटर नेपालको भूभागको सार्वभौमसत्तामा आँच आएको छ । यो क्रमलाई भंग नगरे जलस्रोतको द्विराष्ट्रिय दोहन र विदेशी लगानी सुरक्षाको नाममा नेपालको सार्वभौमिकता खुम्चिँदै जानेछ।

एकातिर नेपाललाई प्रकृतिको वरदानस्वरूप प्राप्त जलस्रोतको भारतका लागि दोहन गर्दै यसको क्षमता निख्रिँदै जान्छ भने सँगै नेपालको सार्वभौमसत्ता पनि “दोहन” हुँदै जान्छ । यही गति र मति रहे नेपालको जलस्रोतको सम्भाव्यता सकिँदासम्म सार्वभौम भूभाग पनि थोरै मात्र बाँकी रहनेछ।

अबको बाटो

यस सम्बन्धमा नेपालका नीतिनिर्माताहरू बेलैमा सचेत हुन वाञ्छनीय छ । तर भनाइको तात्पर्य जलस्रोतको दोहन नै गर्नुहुन्न भन्ने अन्धराष्ट्रवाद अवलम्बन गरिनुपर्छ भन्ने हैन । आवश्यकता छ, मध्यम मार्गको । नेपालको जलस्रोत नेपालका लागि दोहन गर्ने र सार्वभौमिकता पनि अक्षुण्ण राख्ने।

श्रोतः राजधानी दैनिक, २०७५/०४/२४

## तामाकोशीको शेयर आवेदनका लागि म्याद थप, पाँच गुणा बढी आवेदन पर्ने अनुमान

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको साधारण शेयर आवेदनका लागि एक साताको म्याद थप भएको छ ।राजधानीमा बस्दै आएका दोलखाका बासिन्दाका लागि शुक्रबारसम्मको समयावधि भए पनि एक साताको म्याद थप गरिएको हो । थप गरिएको अवधिअनुसार आगामी भदौ १ गतेसम्म राजधानीमा शेयर आवेदन दिन सकिनेछ । यही साउन १६ गतेदेखि २५ गतेसम्म राजधानीमा आवेदन दिन पाउने अवधि भए पनि आवेदकको भीड बढेकाले एक साताको समयावधि थप गरिएको आयोजनाले जनाएको छ ।

नेपाल धितोपत्र बोर्डका प्रवक्ता नीरज गिरीले आजै एक साता समय थप गरिएको जानकारी दिनुभयो ।
“स्थानीय बासिन्दा, आयोजना र बिक्री प्रबन्धकको बोर्डले एक साताको अवधि थप गरेको छ, बिक्री प्रबन्धकले शुक्रबार सूचना प्रकाशित गरेर जानकारी देलान् ।”

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेले राजधानी काठमाडौँमा उत्साहप्रदरुपमा शेयर आवेदन भइरहेको जानकारी दिनुभयो ।

उहाँका अनुसार बुधबार साँझसम्म करीब ४५ हजारले आवेदन गरेको जानकारी बिक्री प्रबन्धकले गराएको छ । बुधबार एकैदिन १५ हजारले शेयर आवेदन गरेका थिए । आज पनि बैंक तथा वित्तीय संस्थामा ठूलो भीड लागेका कारण करीब १५ हजारको थप आवेदन परेको हुनसक्ने उहाँको भनाइ छ । बुधबार अबेरसम्म रु ९७ करोड ८६ लाख बराबरको आवेदन परेको छ । आज कतिको आवेदन प¥यो भन्नेबारेमा शुक्रबार मात्रै जानकारी प्राप्त हुनेछ । आयोजनाले स्थानीय बासिन्दाका लागि रु एक अर्ब पाँच करोड ९० लाख बराबरको एक करोड पाँच लाख ९० हजार कित्ता शेयर बिक्री गर्न लागेको थियो । सरकारी नियमानुसार स्थानीय बासिन्दालाई १० प्रतिशत शेयर बिक्री गरिन्छ ।

**करीब पाँच गुणाबढी आवेदन पर्ने**

प्रवक्ता डा न्यौपानेले राजधानीमा नै करीब दुई अर्ब बढीको आवेदन पर्ने अनुमान गरिएको छ । दोलखाका बासिन्दा खेतीपातीमा व्यस्त रहेको र आवेदन फर्म मात्रै गाउँगाउँमा पुग्दै गरेको अवस्थामा सबै संकलन हुँदा पाँच गुणाभन्दा बढी आवेदन पर्ने सम्भावना देखिएको छ । त्यो भनेको करीब रु पाँच अर्ब बराबरको आवेदन पर्ने देखिएको छ । नागरिकले आयोजनाप्रति उत्साहका साथ विश्वास व्यक्त गरेको पाइएको प्रवक्ता डा न्यौपानेले बताउनुभयो ।

स्वदेशी लगानीमा निर्माण भइरहेको आयोजनालाई सरकारले राष्ट्रिय गौरवको आयोजनाका रुपमा राखेको छ । कूल ४५६ मेगावाट क्षमताको आयोजना आगामी पुस मसान्तसम्ममा निर्माण गर्ने समय तालिका तय गरिएको छ । हाल आयोजनाको ९६ प्रतिशत भौतिक निर्माण सम्पन्न भएको छ । आयोजनाले

स्थानीय बासिन्दालाई १० प्रतिशत शेयर बिक्री गरेपछि सर्वसाधारणलाई रु एक अर्ब ५८ करोड बराबरको साधारण शेयर बिक्री गर्ने तयारी गरेको छ ।

श्रोतः आर्थिक दैनिक, २०७५/०४/२४

# बङ्गलादेशी ऊर्जा राज्यमन्त्री राजधानीमा

विद्युत् आदानप्रदान र द्विपक्षीय सहयोगसम्बन्धी विषयमा छलफल गर्न बङ्गलादेशका विद्युत्, ऊर्जा तथा खनिज राज्यमन्त्री नसरुल हमिद यहाँ आज आइपुगेका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनको निमन्त्रणामा राज्यमन्त्री हमिद काठमाडौँ आएका हुन । राज्यमन्त्री हमिदलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौत, नेपालका लागि बङ्गलादेशका राजदूत मास्फी बिन्ते साम्सलगायतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवं प्रवक्ता दिनेशकुमार घिमिरेले शुक्रबार द्विपपक्षीय भेटवार्ता एवं समझदारीपत्रमा हस्ताक्षर हुने कार्यक्रम रहेको जानकारी दिए । नेपालको ऊर्जा क्षेत्रमा बङ्गलादेशले विगत लामो समयदेखि नै संयुक्त लगानी गर्न चासो व्यक्त गरिरहेको बेला दुई देशका उच्च अधिकारीबीच भेटवार्ता र समझदारीपत्रमा हस्ताक्षर हुन लागेको हो । दुवै देशमा संयुक्त लगानी गर्ने, बङ्गलादेशले नेपालको विद्युत् खरीद गर्ने र सरकारी तहमा उच्चस्तरीय संयन्त्र बनाएर काम गर्नेलगायतका विषय समझदारीपत्रमा समेटिने सहसचिव घिमिरेको भनाइ छ । नेपालको ऊर्जा क्षेत्रमा बङ्गलादेश स्वयंले नै लगानी गर्ने वा संयुक्त कम्पनी बनाएर लगानी गर्ने वा अरु कुनै उपाय अपनाउने भन्ने विषयमा द्विपक्षीय छलफल हुने कार्यक्रम तय भएको छ । बङ्गलादेशले नेपालबाट करीब पाँच हजार मेगावाटसम्म विद्युत् लैजान तयार रहेको यसअघि नै सार्वजनिक गरिसकेको छ । भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव जिएमआरले निर्माण गर्न लागेको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्समेत बंगलादेशलाई बिक्री गर्ने तयारी भएको यसअघि नै सार्वजनिक भएको थियो ।

ऊर्जा सहयोगसम्बन्धी द्विपक्षीय समझदारीपत्रमा यसअघि नै भारत र चीनसँग हस्ताक्षर भइसकेको छ । बङ्गलादेशसँग हुन लागेको यो अर्को सम्झौता हो । नेपालको विद्युत् क्षेत्रीय बजारमा समेत लैजाने र बिक्री गर्ने लक्ष्य राखेर नै सरकारले बंगलादेशसँग द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर हुन लागेको हो । भारतसँग विद्युत् व्यापार सम्झौता पिटिए भइसकेको छ । बङ्गलादेशमा विद्युत् लैजानका लागि भारतको समेत सहमति जरुरी छ । यद्यपि काठमाडौँमा सम्पन्न १८औँ दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन सार्क सम्मेलनको क्रममा विद्युत् आदानप्रदान तथा सहजीकरणका लागि सार्कस्तरीय ग्रीड स्थापना गर्ने विषयमा सहमति भएको छ । सोही आधारमा समेत नेपालको विद्युत् बङ्गलादेश निर्यातका लागि सहज हुने विश्वास लिइएको छ । विसं २०७४ चैत २१ मा थाइल्याण्डको राजधानी बैंककमा आयोजित दोस्रो एशिया तथा प्रशान्त क्षेत्रीय इनर्जी फोरमका अवसरमा पनि दुई मन्त्रीबीच ऊर्जा विकासमा सहकार्य गर्नेबारे छलफल भएको थियो । सो अवसरमा नै राज्यमन्त्री हमिदले नेपालको विद्युत् लैजान भारतको बाटो चाहिने हुँदा यसबारे बङ्गलादेशले आवश्यक पहल गर्ने प्रतिबद्धता मन्त्री पुनसमक्ष व्यक्त गरेको थियो । राज्यमन्त्री हमिदले प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि शिष्टाचार भेटवार्ता गर्ने कार्यक्रम रहेको बुझिएको छ । यस्तै स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था इपानले आयोजना गर्ने अन्तर्क्रियामा समेत ऊर्जामन्त्री पुन र बङ्गलादेशका विद्युत्, ऊर्जा तथा खनिज राज्यमन्त्री हमिदले सम्बोधन गर्ने कार्यक्रम छ । इपानका अध्यक्ष शैलेन्द्र गुरागाईले नेपालको ऊर्जा क्षेत्रमा बङ्गलादेशको लगानीलगायतका विषयमा छलफलका लागि उनीहरुलाई आग्रह गरिएको जानकारी दिए । रासस

श्रोतः अभियान, २०७५/०४/२४

## ऊर्जामा सहकार्यका लागि बङ्गलादेशसँग एमओयू हुँदै

नेपाल र बङ्गलादेशबीच ईनर्जी को–अपरेशनमा समझदारी (एमओयू) हुने भएको छ । यसका लागि बिहीवार बङ्गलादेशको पावर, इनर्जी एण्ड मिनरल रिसोर्सेस मन्त्रालयका राज्यमन्त्री नसरुल हमिद नेपाल आउने भएका छन् ।

शुक्रवार यहाँका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुन र बङ्गलादेशी राज्यमन्त्री हमिदबीच वन टू वन छलफल हुने मन्त्रालय स्रोतले जानकारी दिएको छ । यसै क्रममा दुई देशका मन्त्री र राज्यमन्त्रीबीच ऊर्जाको विकास तथा आदान–प्रदान समेतलाई समेट्ने गरी एमओयू हुने कार्यक्रम रहेको छ ।

बङ्गलादेशले पूर्वऊर्जामन्त्री जनार्दन शर्माको बङ्गलादेश भ्रमणकै क्रममा नेपालको ऊर्जामा लगानी गर्ने र उत्पादित विद्युत् खरीद गर्ने प्रस्ताव राखेको थियो । त्यसयता भएका ऊर्जासम्बन्धी विदेशी कूटनीतिक अधिकारीसँगको छलफलका क्रममा पनि बङ्गलादेशको यो प्रस्ताव कायमै रहँदै आएको छ ।

बङ्गलादेश सरकार शतप्रतिशत नवीकरणीय ऊर्जामा जोड दिँदै अघि बढिरहेको छ । उसले आगामी सन् २०३० सम्ममा ६० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । सोहीअनुरूप बङ्गलादेशले नेपालको कुनै ठूलो जलविद्युत् परियोजनामा लगानी गरी उत्पादित विद्युत् लैजाने सम्भावना पनि रहेको छ । यसबाहेक बङ्गलादेशले यहाँ अन्य स्रोतबाट हुने लगानीमा निर्मित आयोजनाका विद्युत् पनि किन्न सक्ने सम्भावना रहेको छ ।

यसअघि सन् २०१४ मा भारतसँग विद्युत् व्यापार सम्झौता (पीटीए) भइसकेको भए पनि हालसम्म नेपालले भारतलाई विद्युत् निर्यात गर्न सकेको छैन । आफ्नै उपभोगमा अपुग रहेको कारण हालसम्म निर्यात गर्न नसके पनि आगामी दिनमा भने भारतकै लगानीमा बन्ने अरुण ३ जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् लैजाने निश्चित भइसकेको छ ।

बङ्गलादेशसँगको नेपालको विद्युत् आयात/निर्यातमा भारतसँग भूमि (राइट अफ वे) लिनुपर्ने हुन्छ । उक्त विषयमा भारतसँग सहमति भइसकेकाले समस्या नरहेको बङ्गलादेशी अधिकारीहरूले बताउँदै आएका छन् ।

भारतले जारी गरेको सीमापार विद्युत् व्यापार निर्देशिकाका कारण नेपालमा उत्पादित विद्युत्को बजारका सम्बन्धमा प्रश्न उठिरहेका बेला बङ्गलादेशसँग हुन लागेको एमओयूले निकै ठूलो महŒव राख्छ । यसबाहेक नेपालले चीनसँग पनि यसै प्रकृतिको एमओयू गरिसकेको छ ।

श्रोतः कारोबार, २०७५/०४/२५

# नेपाल–वंगलादेश ऊर्जा सहकार्य समझदारी आज

नेपाल र वंगलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नका लागि शुक्रबार दुई देशबीच ऊर्जा सहकार्य (इनर्जी को–अपरेसन) सम्बन्धी समझदारीपत्र (एमओयू)मा हस्ताक्षर हुँदैछ । दुई छिमेकी राष्ट्र भारत र चीनपछि नेपालले वंगलादेशसँग ऊर्जा सहकार्यबारे समझदारी गर्न लागेको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र बंगलादेशका विद्युत्, ऊर्जा तथा खनिज राज्यमन्त्री नसरुल हमिदको उपस्थितिमा ऊर्जा सहकार्यबारे समझदारीमा हस्ताक्षर हुन लागेको छ । नेपाल र वंगलादेशबीच ऊर्जा क्षेत्रमा लगानी, विद्युत् आदानप्रदानबारे औपचारिक र अनौपचारिक रूपमा लामो समयदेखि छलफल चलेपनि दुई देशबीच पहिलोपटक समझदारी हुन लागेको ऊर्जा मन्त्रालयका सहप्रवक्ता गोकर्णराज पन्थले जानकारी दिए । “दुई देशबीच ऊर्जाको सहकार्यबारे समझदारी भएपछि सचिव र सहसचिवस्तरीय औपचारिक रूपमा संयन्त्र समेत बन्नेछ,” उनले भने ।

समझदारीपछि औपचारिक रूपमा ऊर्जासँग सम्बन्धित नेपाल र चीनबीच सचिवको नेतृत्वमा संयुक्त कार्यकारिणी (स्टेरिङ) समूह र सहसचिवको नेतृत्वमा कार्यगत समूह निर्माण हुनेछ भने त्यो संयन्त्रमार्फत ऊर्जा क्षेत्रमा लगानी, विद्युत् व्यापार सम्झौता लगायतबारे प्रक्रिया अघि बढ्नेछ । वंगलादेशले नेपालबाट चार हजार मेगावाट विद्युत् किन्नका लागि प्रस्ताव गरेपनि भारतको भूमि हुँदै लानुपर्ने भएकोले यसमा भारतको समेत सहमति आवश्यक छ । नेपालले भारत र वंगलादेश दुवैसँग ऊर्जा सहकार्यमा समझदारी गरेपछि तीन देशबीच ऊर्जाका कार्यक्रम अघि बढाउनका लागि सहज हुने अपेक्षा गरिएको छ । भारतीय कम्पनी जिएमआरले अघि बढाएको ९ सय मेगावाटको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको विद्युत् वंगलादेशमा विक्री गर्ने सैद्धान्तिक सहमति भैसकेको छ । भारतीय विद्युत् निगममार्फत कर्णालीको बिजुली वंगलादेश बेच्ने आयोजनाको लक्ष्य छ ।

प्रधानमन्त्री र मन्त्रीसँग भेट

प्रधानमन्त्री केपी शर्मा ओली र समझदारीका लागि बुधबार नेपाल आइपुगेका बंगलादेशका विद्युत्, ऊर्जा तथा खनिज राज्यमन्त्री हमिदबीच ऊर्जा क्षेत्रमा सहकार्यबारे छलफल हुने कार्यक्रम छ । दुई देशबीचमा ऊर्जामा गर्न सकिने सहकार्य र सम्भावित लगानीबारे प्रधानमन्त्रीसँग हमिदले नेपाल भ्रमणको क्रममा छलफल गर्न लागेका हुन् ।

श्रोतः नागरीक, २०७५/०४/२५

# चिलिमे–त्रिशूली प्रसारणलाइनको २३ प्रतिशत काम सम्पन्न

*हिमनाथ देवकोटा*

रसुवा - चिलिमे त्रिशूली प्रसारणलाइनको २३ प्रतिशत काम पूरा भएको छ। जिल्लामा निर्माण भएका जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जोड्नका लागि चिलिमे त्रिशूली प्रसारणलाइन निर्माण गरिएको हो।

जिल्लाको आमाछोदिङ्मो गाउँपालिका–५ थाम्बुचेतमा निर्माण हुन लागेको चिलिमे हबको निर्माणस्थलमा कटिङ र फिलिङको काम भइरहेको छ । जिल्लामा निर्माणाधीन जलविद्युत् आयोजनाको विद्युत् उत्पादन हुने समय नजिकिँदै जाँदा नेपाल विद्युत् प्राधिकरणले प्रसारणलाइन निर्माणमा तीव्रता दिएको छ । आमाछोदिङ्मो गाउँपालिकास्थित गोल्जुङदेखि नुवाकोटको किस्पाङ गाउँपालिकास्थित त्रिशूली थ्रि बी हबसम्म प्रसारणलाइन निर्माण हुनेछ । प्रसारणलाइनको दूरी साढे २७ किलोमिटर रहेको आयोजना प्रमुख केदार सिलवालले जानकारी दिए।

गोल्जुङदेखि मैलुङसम्म दुई सय २० केभी डबल सर्किट र मैलुङदेखि त्रिशूली थ्रिबीको हबसम्म 'फोर सर्किट' प्रसारणलाइन निर्माण हुनेछ । 'प्रसारणलाइन निर्माणका लागि चेक सर्भे गर्ने र माटो परीक्षण गर्ने कार्य सम्पन्न भएको छ,' आयोजना प्रमुख सिलवालले भने, 'अहिले फिल्डमा चिलिमे हव निर्माणस्थलमा कटिङ र फिलिङको काम भइरहेको छ ।' प्रसारणलाइन निर्माणका लागि चिनियाँ ठेकेदार पिंगाओ ग्रुप लिमिटेड र परामर्शदाताको रुपमा पावर ग्रिड इन्डियाले काम गरिरहेका छन् । प्रसारणलाइनको टावर र सबस्टेशनको विभिन्न उपकरणको डिजाइन कार्य ५० प्रतिशत सम्पन्न भएको सिलवालले बताए ।

गोल्जुङदेखि थ्रिबी हबसम्म ८९ वटा टावर रहने बताइएको छ । 'सुरुमा ९८ वटा टावर राख्ने गरी कार्यअघि बढाइएको थियो,' उनले भने, 'चेक सर्भेपछि अनावश्यक ठाउँको टावर हटाइएको हो ।'

बर्खा सकिएपछि जग्गा प्राप्तीको काम अघि बढाइने उनले बताए । 'वर्षात्को कारण विभिन्न ठाउँमा पहिरो गएपछि प्राविधिक लैजाने र जग्गा प्राप्तीका लागि काम अगाडि बढाउन सकिएको छैन,' प्रमुख सिलवालले भने, 'बर्खा सकिएपछि बाँकी काम अगाडि बढाउँछौं।'

टावर निर्माण गर्ने स्थानमध्ये केही ठाउँमा मान्छेले निर्माण सामग्री बोकेर लैजानुपर्ने उनले जानकारी दिए । 'टावर राख्ने सबै क्षेत्रमा सडक पुगेको छैन । सडक नपुगेको स्थानमा मान्छेले सामान बोक्नुपर्नेछ,' उनले भने । टावर निर्माण गर्ने जग्गाको उचित मुआब्जा दिएर विद्युत् प्राधिकरणको नाममा ल्याइने सिलवालले जानकारी दिए।

टावर राख्ने जग्गाको मुआब्जा दिइने भएपनि प्रसारणलाइनको तारमुनी पर्ने अन्य जग्गाको जग्गाधनीलाई क्षतिपूर्तिवापत १० प्रतिशतदेखि २० प्रतिशतसम्म रकम प्रदान गरिनेछ । 'तारमुनी पर्ने जग्गामा खेतीपाती लगाउन मिल्छ,' आयोजना प्रमुख सिलवालले भने, 'तारलाई छुने अग्लो हुने बिरुवा रोप्न पाइँदैन ।' प्रसारणलाइन सन् २०१९ को जुनसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य छ । सबस्टेसन

निर्माणका लागि जग्गा अधिग्रहणमा ढिलाइ, वैदेशिक सहायता पर्खनुपर्ने लगायतका कारण प्रसारणलाइन निर्माणमा केही ढिलाइ हुन पुगेको उनले बताए।

प्रसारणलाइन र सबस्टेसनमा निर्माणका लागि नेपाल सरकार, जर्मन सहयोग नियोग केएफडब्लुको अनुदान तथा युरोपियन इन्भेस्टमेन्ट बैंकको ऋण लगानी छ । प्रसारणलाइन निर्माणपछि जिल्लाको गोसाइँकुण्ड गाउँपालिका र आमाछोदिङ्मो गाउँपालिकामा निर्माणाधीन जलविद्युत्को विद्युत् जोडिनेछ । चिलिमे त्रिशूली प्रसारणलाइनमा दुई सय १६ मेगावटको माथिल्लो त्रिशूली–१, एक सय ११ मेगावटको रसुवागढी, ७८ मेगावटको सान्जेन खोला, ४२.५ मेगावटको सान्जेन, २० मेगावटको लाङटाङखोला, १४.८ मेगावटको माथिल्लो सान्जेन, ६.४२ मेगावटको माथिल्लो मैलुङ 'ए' जलविद्युत् आयोजनाका विद्युत् जोडिनेछ । यो प्रसारणलाइनमा पाँच सय मेगावट विद्युत् जडान गर्न सकिने आयोजनाले जनाएको छ।

श्रोतः नयाँ पत्रिका, २०७५/०४/२५

# आँखु खोलाले स्थानीयवासीलाई साधारण सेयर बिक्री खोल्यो

आँखु खोला जलविद्युत् कम्पनीले आयोजना प्रभावित धादिङ जिल्लाका स्थानीयवासीलाई ८ लाख कित्ता साधारण सेयरको निष्कासन तथा बिक्री खुला गरेको छ।

कम्पनीले जारी पुँजीको १० प्रतिशतले हुने ८ लाख कित्ता साधारण सेयर धादिङ जिल्लावासीलाई साउन १७ गतेदेखि निष्कासन सुरु गरेको हो। यसमा सम्पूर्ण धादिङ जिल्लावासीले साउन ३१ गतेसम्म आवेदन दिन सक्ने जनाइएको छ।

स्थानीयलाई ८ लाख कित्ता सेयर निष्कासन तथा बाँडफाँड गरेपछि जारी पुँजीको १५ प्रतिशत अर्थात् १२ लाख कित्ता सेयर सर्वसाधारणलाई निष्कासन गरिने कम्पनीले जनाएको छ।

स्थानीय र सर्वसाधारणलाई सेयर बाँडफाँड गरेपछि कम्पनीको चुत्ता पुँजी ८० करोड पुग्नेछ। स्थानीयवासीले सेयर आवेदन दरखास्त फाराम मुक्तिनाथ विकास बैंक, प्रभु बैंक र सिभिल बैंकका धादिङ जिल्लामा रहेका शाखा कार्यालयबाट र आँखु खोला जलविद्युत् कम्पनीको साइड कार्यालयबाट प्राप्त गर्न र बुझाउन सक्नेछन्। स्थानीयवासीले कम्तीमा ५० कित्ता र बढीमा ४ हजार कित्तासम्मका लागि आवेदन दिन सक्ने जनाइएको छ।

श्रोतः नयाँ पत्रिका, २०७५/०४/२५

# २२० केभीए प्रसारण लाइन पीडितले दिए युरोपियन इन्भेष्टमेण्ट बैंकमा उजुरी

*शान्ता कमली*

लमजुङको मर्स्याङदी करिडोरमा निर्माणाधिन २२० केभीए प्रसारण लाइन परियोजनाले माग पुरा नगरे काम गर्न नदिने पीडितले चेतावनी दिएका छन् ।भुलभुले मध्यमर्स्याङदी १३२ केभीए प्रसारण लाइनबाट प्रभावित भएका पीडितहरुले आफूहरुले भनेजस्तो नभए २२० केभीए निर्माणमा अवरोध गर्ने चेतावनी दिएका छन् । जिल्लाका पीडितहरुले यसअघि १३२ केभीए प्रसारण लाइन निर्माणका क्रममा मुआब्जा लगायतका विषयमा असन्तुष्ट जनाउँदै आन्दोलन गर्दै आएका छन् ।

विश्व बैंकको लगानीमा नेपाल सरकारले लमजुङको उदिपुरदेखि मनाङको तालसम्म २२० केभीएको प्रसारण लाईन निर्माण गर्न लागेको छ ।

**युरोपियन इन्भेष्टमेण्ट बैकमा उजुरी**

मर्स्याङदी करिडोरमा निर्माणाधिन २२० केभीए प्रसारण लाईन परियोजना कानुन विपरित भएको भन्दै प्रभावितहरुले अन्तराष्ट्रिय लगानी कर्ताको ध्यानाकर्षण समेत गराएका छन् । स्वतन्त्र अग्रिम सूचनासहितको मन्जुरी (एफपिक) तथा स्वातन्त्र अधिकार मञ्च लमजुङले उक्त परियोजनाको मुख्य लगानीकर्ता युरोपियन इन्भेष्टमेण्ट बैकमा उजुरी दर्ता गरेका हुन् ।

एफपिक तथा अधिकार मञ्च लमजुङका अध्यक्ष खेमजंङ गुरुङले पटकपटक सरकारको ध्यानाकर्षण गराउँदा पनि प्रभावितको अधिकार र मागको बारेमा चाँसो नदिएपछि अन्तर्राष्ट्रिय लगानीकर्ताको ध्यानाकर्षण गराउन बाध्य भएको बताए ।

**परियोजना प्रभावितका माग**

यता, संघर्ष समितिका सचिव चन्द्रबहादुर मिश्रले पुरानो मागकै सम्बोधन नभएको भन्दै माग पुरा नभएसम्म काम अघि बढ्न नदिने बताए । समितिले विद्युत प्रशारण लाईनबारे सरोकारवालाहरुबीच सार्वजनिक सुनुवाई र वातावरणीय प्रभाव मूल्याङ्कन सार्वजनिक गर्न माग गरेको छ ।

यस्तै, तारमुनि रहेको जग्गामा घर निर्माण गर्न नमिल्ने, वेचविखन हुन नसक्ने र बैङ्क लगायत कुनै पनि वित्तिय संस्थाहरुले धितोमा पनि नलिने हुँदा उक्त जग्गाको सवै कित्ताहरुको पूर्ण मुआव्जा र क्षतिपूर्ति उपलब्ध गराई लागत कट्टा गराउन पीडितहरुले माग गरेका छन् ।